का.जि.प्र.का.द.नं. १००/०५९/६०

२ मंसिर २०८१,
आइतबार
17 November, 2024
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक २६८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# ‘युवा नेता’को सकस

- बूढा नेताको विश्वासपात्र बन्न होड
- जिम्मेवारी वहन गर्ने हिम्मतको अभाव
- बूढा नेताबाट अविश्वास





बूढाहरू खाइपाई आएको सुविधा गुमाउन चाहँदैनन् । उनीहरू भन्दा राम्रो गर्छु भन्नेले त्यो स्थापित गर्न सक्नुपर्छ

■ **गुरुराज घिमिरे**
**नेता, नेपाली कांग्रेस**

पदीय जिम्मेवारीमा रहेर पनि पार्टीभित्र प्रभाव जमाउन सकिरहेका छैनन् । उनीहरू केवल राजनीतिक असमझदारी, निराशा र अघिल्लो पुस्ताका नेताको विश्वासपात्र हुने प्रयासमा सीमित अवसरमा फसेका देखिन्छन्

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १ मंसिर ।

नेपाली कांग्रेसका महामन्त्री गगन थापा लोकतन्त्रको अभ्यासमा व्यवहारगत रूपमा केही न केही समस्या हुन पुगेको बताउँछन् । तर समस्या स्वीकारेर जिम्मेवारी लिन कोही न कोही तयार हनुपर्ने उनको आग्रह छ ।

‘लोकतन्त्र दोबाटोमा पुऱ्याएको जिम्मेवारी शेरबहादुर देउवाले लिनु हुन्न, केपी ओलीले लिनुहुन्न र प्रचण्डले पनि लिनुहुन्न भने म जिम्मा लिन्छु । कसै न कसैले त जिम्मा लिनुपऱ्यो’, गत कात्तिक २८ गते काठमाडौंमा आयोजित एक कार्यक्रममा उनले भने । लोकतन्त्रको अभ्यासमा व्ययहारगत समस्या छ भन्ने स्वीकार गरे मात्र व्यवस्था र शासन प्रणाली सुधार गर्न सकिने उनको मत छ । अघिल्लो पुस्ता यसका लागि तयार नभए आफू तयार रहेको महामन्त्री थापाको सन्देश छ ।

थापा २०६२/०६३ सालको आन्दोलनसँगै उदाएका नेता हुन् । उनी कांग्रेसको नेतृत्व गर्दै मुलुकको नेतृत्व गर्ने ध्याउन्नमा छन् । तर अघिल्लो पुस्ता बाधक बन्ने हो कि भन्ने चिन्ताका बीच उनले समस्याको समेत जिम्मेवारी लिन तयार रहेको बताएका हुन् ।

पार्टी नेतृत्वमा पुग्न थापाले यसअघि पार्टी संसदीय दलको नेतामा पार्टी सभापति शेरबहादुर देउवासँग प्रतिस्पर्धा गरे । ६ पुस २०७९ मा भएको संसदीय दलको नेताको निर्वाचनमा चौथो पटक सांसदमा निर्वाचित »» पृष्ठ २ मा


## आँखीझ्याल

माओवादी–एस तालमेल
पृष्ठ २

लागु पदार्थ दुर्व्यसन : कारण, समस्या तथा निराकरण ४

अफगानिस्तानविरुद्ध नेपालको जित ७

वायुसेवा निगम अक्षम हुँदा विदेशी एयरलाइन्सबाट महँगो टिकट... ८









# प्रचण्डको टिप्पणीमा एमालेको आपत्ति

प्रधानमन्त्रीको चीन भ्रमणलाई लिएर दिएको अन्तर्वार्तामा प्रयोग भएको अभिव्यक्तिलाई लिएर माफी माग्न प्रचण्डसँग नेकपा एमालेले आग्रह गरेको छ

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ मंसिर ।

प्रधानमन्त्री केपी शर्मा ओलीले डिसेम्बर पहिलो साता गर्ने चीन भ्रमणबारे नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले दिएको अभिव्यक्तिप्रति नेकपा एमालेले आपत्ति जनाएको छ ।

केही दिनअघि प्रचण्डले भारतीय संचार माध्यम द हिन्दुलाई एउटा अन्तर्वार्ता दिएका थिए । त्यो अन्तर्वार्तामा प्रचण्डले प्रधानमन्त्री ओलीले चीन भ्रमण गर्दा अपरिपक्व कूटनीति अपनाएको र ‘ चाइना कार्ड’ प्रयोगको नीति लिएको बताएका थिए ।

एमालेका विदेश विभाग प्रमुख रघुवीर महासेठले शनिबार आफ्नो अभिव्यक्तिप्रति प्रचण्डले माफी माग्नुपर्ने उल्लेख गरेका छन् । प्रचण्डको अभिव्यक्तिले मुलुकको सार्वभौम सत्ता र परराष्ट्र नीतिमाथि गम्भीर क्षति पुगेको एमालेको निष्कर्ष छ ।



प्रचण्डले दिएको अन्तर्वार्ता आधारहीन र गैरजिम्मेवार भएको एमालेले बताएको छ । ‘... यो आधारहीन/गैरजिम्मेवार छ र मुलुकको सार्वभौम छबि र परराष्ट्र नीतिमा ठूलो क्षति पुगेको छ’, एमालेले भनेको छ, ‘प्रचण्डले आफ्नो गैरजिम्मेवार अभिव्यक्तिप्रति नेपाली जनतासँग माफी माग्नुपर्छ ।’ वक्तव्यमा सार्वभौम देशका प्रधानमन्त्रीले विदेश भ्रमणमा गर्दा कुनै बाह्य शक्तिको अनुमति नचाहिने पनि उल्लेख गरिएको छ ।

प्रधानमन्त्री ओलीलाई प्रचण्डले छिमेक सम्बन्धमा सन्तुलन कायम गर्न नसकेको आरोप लगाएका थिए । भारतभन्दा पहिले चीन भ्रमणमा निस्कने प्रधानमन्त्री ओलीको निर्णयलाई अपरिपक्व निर्णय भनेका प्रचण्डलाई एमालेले उल्टै माफी माग्न भनेको छ । यसले प्रधानमन्त्री ओलीले चीन भ्रमण गर्नुअघि नै सत्ता र प्रतिपक्षीबीच मतभेद सुरु गरेको छ ।

यसअघि पनि प्रचण्डले भारतीय पक्षपोषण हुनेगरी सार्वजनिक अभिव्यक्ति दिएका थिए । २०७९ पुसमा प्रधानमन्त्री बनेपछि प्रचण्डले एक व्यापारीप्रति आभार प्रकट गरेका थिए । »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# राम्रो कमाइ हुने कोरियाको ई–७ भिसामा अड्कल र आशंका

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ मंसिर

न्यूनतम मासिक पारिश्रमिक तीन हजार अमेरिकी डलर अर्थात करिब चार लाख नेपाली रुपैयाँ हाराहारी तलब र अन्य सुविधा पाउने दक्षिण कोरियाको ई-७ भिसामा हुने आकर्षण र चलखेल नेपालदेखि भियतनामसम्म उस्तै देखिएको छ ।

ईपीएसमार्फत भन्दा ई-७ भिसामा श्रमिक पठाउँदा त्यसले नेपाल र कामदार दुवैलाई दीर्घकालीन फाइदा नै हुने तर्क श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको छ । तर नेपालबाट ई-७ भिसामा जाने कामदारको संख्या त्यति ठूलो नभए पनि उक्त भिसामा १५ लाख रुपैयाँभन्दा बढीको चलखेल हुने कतिपयको आशंका छ ।

ईपीएस प्रणालीमा सरकारले कामदार पठाए पनि ई-७ भिसामा म्यानपावर व्यवसायीहरूले पठाउन पाउनेछन् । म्यानपावर कम्पनीले खाडी र मलेसियामा मात्रै कामदार पठाउनुपर्ने मान्यतामा अभ्यस्त केही सञ्चारकर्मी र अधिकारकर्मी म्यानपावर व्यवसायीहरूले कामदार पठाए ठूलो ठगी हुने दाबी पहिले नै गरिरहेका छन् ।

कोरियाले विशेषगरी ई-७ भिसा इलेक्ट्रिकल, इलेक्ट्रोनिक, मेकानिकल इन्जिनियरिङ, हार्डवेयर, सफ्टवेयरलगायत विभिन्न क्षेत्रमा विशेषज्ञता भएका व्यक्तिहरूलाई दिइरहेको छ । उनीहरूले एकै महिनामा ४ लाख रुपैयाँ हाराहारीमा कमाउने भएकाले महँगो लागतमा गए पनि ई-७ भिसामा जाने कामदार धेरै घाटामा पर्ने अवस्था देखिँदैन ।

कोरियाली सरकारले प्राविधिक क्षेत्रमा विशेषगरी जहाज निर्माणमा विदेशी कामदार स्वीकार गर्ने नीतिलाई विस्तार गरेको छ । भियतनामले कामदारहरूलाई झुटा विज्ञापन र जालसाजी योजनाहरू »» पृष्ठ २ मा

# राज्यलाई गिज्याइरहेको गोप्थाडा

जुम्लाको तातोपानी गाउँपालिकामा एउटा यस्तो गाउँ छ, जहाँ जन्मे/हुर्केका कसैले पनि हालसम्म माध्यमिक शिक्षा परीक्षा (एसईई) पास गर्न सकेका छैनन् । गोप्थाडा गाउँको यो अवस्थाले आधारभूत शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने संवैधानिक हकलाई गिज्जाइरहेको छ ।

गोप्थाडाबाट कसैलाई पनि एसईई पास गराउन सकिएको छैन । तर, पछिल्लो समय विवाह गरेर अन्य गाउँबाट आएका २ जना वुहारीले भने एसईई पास गरेको पाइएको छ

**बलबहादुर रावल**
**प्रधानाध्यापक, पैकेला आधारभूत विद्यालय**

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, १ मंसिर ।

आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने संवैधानिक अधिकार छ । यो संवैधानिक हक र कानुनी अधिकार कार्यान्वयनका लागि सरकारले लगानी गर्दै आएको छ ।

तर, विद्यालयमा पुगेकाहरू नटिक्ने समस्याले अहिलेसम्म माध्यमिक शिक्षा परीक्षा (एसईई) पास गराउनै नसक्ने गाउँ पनि नेपालमा भेटिन्छन् । एक हो- जुम्लाको तातोपानी गाउँपालिकास्थित गोप्थाडा गाउँ, जहाँ एसईई पास गरेका नगारिक एक जना पनि छैनन् ।

तातोपानी गाउँपालिका वडा- २ मा अवस्थित गोप्थाडा गाउँमा २५ घरधुरीका बसोबास रहेको छ । उक्त गाउँबासीहरू भविष्यमा कुनै न कुनै व्यक्तिले आफ्नो गाउँबाट एसईई पास गर्ने आसमा छन् ।

स्थानीय शेरबहादुर डाँगीका अनुसार विभिन्न प्रयास गरिए तापनि कसैले एसईई पास गर्न सकिरहेका छैनन् । गोप्थाडा गाउँमा कक्षा ३ सम्म अध्ययन गर्ने विद्यालय छ । त्यसपछि हाई स्कुल अध्ययन गर्न विद्यार्थीहरू तातोपानीको हिम शिखर माविमा जाने गर्दछन् । बिडम्बना, कतिपय हिम शिखर माविमा पढ्न पुग्छन्, कतिपय पुग्दैनन् । पढ्न पुगेकाहरूमध्ये साह्रै कामले एसईई परीक्षा दिएका छन् तर कसैले पास गर्न भनेका सकेका छैनन् ।

स्थानीयका अनुसार अधिकांशले ८ कक्षा, ९ कक्षा »» पृष्ठ २ मा

## निर्वाचन आचारसंहिता लागू

**काठमाडौं/मस–** आसन्न स्थानीय तह उपनिर्वाचनका लागि आज आइतबारदेखि निर्वाचन आचारसंहिता लागू हुने भएको छ । निर्वाचन आयोगको शनिबारको बैठकले आइतबारदेखि उपनिर्वाचन हुने सम्बन्धित जिल्लाभित्र सार्वजनिक पद धारण गरेका व्यक्ति, निकाय तथा अधिकारीलाई निर्वाचन सम्पन्न नभएसम्म आचारसंहिता लागू गर्ने निर्णय भएको आयोगका सहसचिव एवं प्रवक्ता नीता पोखरेल अर्यालले जानकारी दिइन् ।

आयोगका अनुसार नेपाल सरकार र मन्त्री, प्रदेश सरकार र प्रदेशमन्त्री, संवैधानिक निकाय र सोका पदाधिकारी, नेपाल सरकार वा प्रदेश सरकारका निकाय र सोका »» पृष्ठ २ मा

## राहदानी विभाग र स्पेन दूतावासको संयुक्त टोली माल्टा जाँदै

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, १ मंसिर


राहदानीलगायतका कागजातसम्बन्धी समस्यामा परेका नेपालीलाई सेवा दिन माल्टामा घुम्ती सेवा शिविर सञ्चालन हुने भएको छ । शिविर सञ्चालन गर्न राहदानी विभाग काठमाडौं र स्पेनस्थित नेपाली दूतावासको संयुक्त टोली माल्टा जाने भएको छ ।

माल्टाको बिरकिरकरामा घुम्ती सेवा शिविर सञ्चालन गरेर राहदानी नवीकरणलगायतका कागजात प्रमाणीकरणसम्बन्धी कन्सुलर सेवा दिन टोली यही नोभेम्बर ३० तारिकमा माल्टा जाने दूतावासले जनाएको छ ।

राहदानी नवीकरणलगायतका कागजात प्रमाणीकरणसम्बन्धी समस्यामा परेका नेपालीलाई माल्टाबाटै सेवा प्रदान गर्ने उद्देश्यका साथ टोली पठाउन लागिएको स्पेनका लागि कार्यवाहक »» पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२ मंसिर २०८१, आइतबार
17 November 2024, Sunday

# माओवादी र एकीकृत समाजवादीबीच उपनिर्वाचनमा तालमेल



**काठमाडौं**कपा माओवादी केन्द्र र एकीकृत समाजवादीबीच मंसिर १६ मा हुने उपनिर्वाचनमा काठमाडौंमा तालमेल हुने भएको छ। शनिबार माओवादी उपाध्यक्ष अग्निप्रसाद सापकोटा र एकीकृत समाजवादीका वरिष्ठ उपाध्यक्ष राजेन्द्रप्रसाद पाण्डेबीच चुनावी तालमेलबारे सहमति भएको हो।

सहमति अनुसार काठमाडौंको कीर्तिपुर नगरपालिकामा माओवादी उम्मेदवार प्रा.डा. शिवशरण महर्जनलाई एकीकृत समाजवादीले सघाउने र काठमाडौं महानगरपालिका १६ को वडाध्यक्षमा एकीकृत समाजवादीका उम्मेदवार मीनबहादुर मानन्धरलाई माओवादी केन्द्रले सघाउनेबारे लिखित सहमति भएको छ।

**एकीकृत समाजवादीले टुंग्यायो १३ उम्मेदवार**

नेकपा एकीकृत समाजवादीले मंसिर १६ गते हुने उपनिर्वाचनको लागि १३ उम्मेदवार टुंगो लगाएको छ। मेयर, उपमेयर, अध्यक्ष, उपाध्यक्ष, जिसस प्रमुख र वडाध्यक्षगरी रिक्त ४४ पदमा हुन लागेको उपनिर्वाचनमा नेकपा एसले अहिलेसम्म १३ उम्मेदवार टुंग्याएको हो। सम्बन्धित कमिटीबाट नाम आउने क्रम जारी रहेकाले अहिलेसम्म १३ जना उम्मेदवार टुंगो लागिसकेको नेकपा एकीकृत समाजवादीका उपमहासचिव रामकुमार भट्टराईले बताए।

उपनिर्वाचनमा समाजवादी मोर्चामा आबद्ध रहेका दलहरुसँग चुनावी तालमेलको छलफल चलिरहेकाले सबै ठाउँमा उम्मेदवार टुंगो लाग्न बाँकी रहेको उनले बताए। मंसिर १६ गते हुने उपनिर्वाचनको लागि मंसिर उम्मेदवारी दर्ता हुँदैछ।

## एसको कहाँ–को उम्मेदवार ?

**कोशी**
मोरङको ग्रामथान गाउँपालिका अध्यक्ष दिलबहादुर विश्वकर्मा
सुनसरीको गढी गाउँपलिका वडा नं ६ वडाध्यक्ष डोमी उराव उदयपुरको त्रियुगा नगरपालिका वडा नं १२ वडाध्यक्ष निर्मला चौधरी

**मधेश**
धनुषाको धनुषाधाम नगरपालिका वडा नं १ वडाध्यक्ष गोपालीसाह
रौतहटको गढीमाइ नगरपालिका वडा नं ८ वडाध्यक्ष वजरंगीप्रसाद यादव
रौतहटको ईशनाथ नगरपालिका वडा नं ७ वडाध्यक्ष सदरे आलम

**बागमती**
नुवाकोटको ककनी गाउँपालिका वडा नं २, वडाध्यक्ष मानबहादुर लामा
मकवानपुरको हेटौँडा नगरपालिका वडा नं १२,वडाध्यक्ष बलराम बल
दोलखाको गौरीशंकर गाउँपालिका उपाध्यक्ष रविना खड्का
काठमाडौं महानगरपालिका १६ वडाध्यक्ष मिनबहादुर मानन्धर
कीर्तिपूर नगरपालिका ४, वडाध्यक्ष रिता खड्का

**सुदुरपश्चिम**
बाजुराको स्वामीकार्तिक खापर गाउँपालिकाका उपाध्यक्ष जवा शाही
कञ्चनपुरको भीमदत्त नगरपालिका वडा नं.६, वडाध्यक्ष जीतेन्द्र चन्द्र

### युवा...

भएका थापा ५ पटक प्रधानमन्त्री भइसकेका ७८ वर्षीय पार्टी सभापति देउवासँग पराजित भएका थिए।

छैटौं पटक सरकारको नेतृत्व गर्ने आकांक्षा देखाएका देउवालाई पार्टीले संसदीय दलको नेता चुनेपछि कतिपयले राजनीतिमा युवालाई अगाडि ल्याउने अवसरमा क्षति पुगेको टिप्पणी गरे। तर महामन्त्री थापाले जतिको पहल समेत लिन नसकेको भनेर अन्य पार्टीमा रहेका दोस्रो पुस्ताका नेताहरूको अलोचना पनि गरे।

कांग्रेसमै महामन्त्री विश्वप्रकाश शर्मा, नेकपा एमालेमा योगेश भट्टराई, ठाकुर गैरेलगायतका नेताहरू, एकीकृत समाजवादीका घनश्याम भुसाल, रामकुमारी झाँक्री, नेकपा माओवादी केन्द्रमा लेखनाथ न्यौपाने, माधव सापकोटा, हिमाल शर्मा लगायत नेताहरूले अघिल्लो पुस्तासँग अपेक्षित जिम्मेवारी लिन सकिरहेका छैनन्। यी नेताहरूको राजनीति असमझदारी, निराशा र अघिल्लो पुस्ताका नेताको विश्वासपात्र हुने प्रयासमा सीमित अवसरको बीचमा फसेको देखिन्छ।

एकीकृत समाजवादीका महासचिव घनश्याम भुसाल राजनीतिक क्रान्ति पूरा भयो भनिरहेका छन् तर अगाडि बढ्ने राजनीतिक कदममा निर्णायक जिम्मेवारी लिन सकिरहेका छैनन्।

झाँक्री नेपाली विद्यार्थी आन्दोलनमा महत्त्वपूर्ण भूमिका खेलेकी नेतृ हुन्। बोल्नमा प्रखर, संगठनात्मक रूपमा बलियो र देशको राजनीतिक परिवर्तनका लागि ज्यान दिएर लागेकी झाँक्री पार्टीमा जिम्मेवारीविहीन जस्तै छन्। एकीकृत समाजवादीमा उपाध्यक्षको चुनाव हारेपछि उनी निराश देखिन्छिन्।

विभिन्न संचारमाध्यमहरूमा अन्तर्वार्ता दिँदा उनी आत्मविश्लेषण गरिरहेकी हुन्छिन्। एक पटक मन्त्री बनेकी उनी अहिले न दलमा प्रभावकारी छन्, न युवा राजनीतिमा बलियो उपस्थिति छ।

एमालेका योगेश भट्टराईको राजनीतिक अन्योल उस्तै छ। एमालेभित्रै विद्रोही देखिने भट्टराई पार्टी फुटेर एकीकत समाजवादी बन्नु अगाडि १० बुँदे सहमतिमार्फत एमालेमै बसेका थिए। तर त्यो निर्णयले पनि उनलाई एमालेमा महत्त्वपूर्ण जिम्मेवारी दिलाउन सकेन।

युवाहरूको नजरमा भट्टराई पुरानो दलको प्रतिनिधि पात्र बनेका छन्, जसलाई परिवर्तन चाहने नयाँ शक्तिले आलोचना गरिरहेको छ। अवसरका हिसाबले एक पटक मन्त्री भएका भट्टराई अहिले गालीको सिकार भएका छन्। भट्टराई भने पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई फकाएर पार्टीभित्रको आफूले अवसर नपाएको क्षति न्यूनीकरण गर्ने प्रयासमा छन् तर यसमा पनि सफल हुन सकिरहेका छैनन्।

यी नेताहरू प्रतिनिधि पात्र हुन्, जसलाई नयाँ शक्ति र युवाहरूले पुराना शक्तिको पात्रका रूपमा लिएर आलोचना गर्छन्। स्वयं नेताहरू पनि हिम्मत लिन सकिरहेका छैनन्। बूढा नेताहरू पनि जिम्मेवारी वहनका लागि युवालाई विश्वास गर्न सकिरहेका देखिँदैनन्।

कांग्रेस नेता गुरुराज घिमिरे युवाहरू राजनीतिमा स्थापित हुन् भन्ने जनचाहना रहेको बताउँछन्। तर यसका लागि युवाहरूको अग्रसरतामा समेत कमी रहेको बताउँछन् उनी।

'बूढाहरू खाइपाई आएको सुविधा गुमाउन चाहँदैनन्। उनीहरूभन्दा राम्रो गर्छु भन्नेले त्यो स्थापित गर्न सक्नुपर्छ', घिमिरे थप्छन्, 'अहिले योभन्दा दुखद् पक्ष केही होइन। राष्ट्रप्रति जिम्मवारी र कर्तव्य बिर्सिएपछि यस्तै अवस्था सिर्जना हुन्छ, जुन अवस्था हामीले भोगिरहेका छौं।'

### प्रचण्डको...

त्यस क्रममा आफूलाई प्रधानमन्त्री बनाउन ती ब्यापारीले नयाँ दिल्ली धाएको अभिव्यक्ति दिएका थिए। पछि फरक सन्दर्भमा त्यस्तो बोल्न पुगेको प्रचण्डको प्रष्टोक्ति थियो।

### राम्रो...

व्यापक हुने भन्दै त्यसविरुद्ध सतर्क रहन आग्रह गरेको छ। भियतनाममा कामदारले १२ हजार अमेरिकी डलर अर्थात १६ लाख रुपैयाँभन्दा बढि एजेन्टलाई बुझाएको बताएको समाचार कोरियन पत्रपत्रिकामा आइरहेका छन्।

श्रम मन्त्रालयले म्यानपावर कम्पनीमार्फत ई-७ भिसामा दक्षिण कोरियामा दक्ष नेपाली कामदार पठाउने कार्यविधि कार्यान्वयनमा आइनसकेको बताएको छ। गत कात्तिक ९ गते कोरियामा सीपयुक्त श्रमिक पठाउने कार्यविधि २०८० को पहिलो संशोधन मन्त्रालयको वेबसाइटमा सार्वजनिक गरेको थियो। कार्यविधिमा म्यानपावर कम्पनीहरूले पनि ई-७ भिसामा दक्षिण कोरियामा दक्ष नेपाली कामदार पठाउन सक्ने प्रावधान रहेको छ।

गत हप्ता मन्त्रालयमा आयोजित पत्रकार छलफलमा श्रममन्त्री शरतसिंह भण्डारीले मन्त्रालयको वेबसाइटमा राखिएको कार्यविधि कार्यान्वयनका लागि नभइ सरोकारवालाहरूसँग रायसुझावका लागि राखिएको बताएका थिए।

पत्रकारहरूले मन्त्रालयले ई-७ भिसामा म्यानपावर कम्पनीबाट कामदार पठाउने कार्यविधि बनाएर वैदेशिक रोजगार विभाग पठाएको र म्यानपावर कम्पनीहरूले त्यसकै आधारमा ठूलो रकम उठाउन खोजेको भन्ने जिकिर लिएका थिए। तर श्रममन्त्री भण्डारीले कार्यविधि छलफलकै चरणमा रहेको बताए।

दक्षिण कोरियाको वाणिज्य मन्त्रालयको तथ्यांकअनुसार त्यहाँ सात वटा जहाज निर्माण निगमहरू र ३ सय ३५ कम्पनीहरूमा २२ हजार १ सय ४२ दक्षिण कोरियाली कामदार छन्। ई-७ भिसा नीतिअन्तर्गत ईपीएस प्रणालीमा रहेका मुलुकबाट ४ हजार ४ सय २८ विदेशी कर्मचारी भर्ना हुने अपेक्षा गरिएको छ। हाल उक्त क्षेत्रमा ३ हजार ५ सय ३५ भियतनामी दक्ष कामदार कार्यरत छन्। अन्य देशबाट कामदार जान ढिलाइ भए त्यसको प्रत्यक्ष लाभ भियतनामका थप कामदारले पाउने अड्कल कोरियाली सञ्चारमाध्यमको छ।

### राहदानी..

नेपाली राजदूत यज्ञराज पौड्यालले जानकारी दिए।

टोलीले आगामी डिसेम्बर ४ तारिकसम्म माल्टामा रहेर विद्युतीय राहदानी (ई-पासपोर्ट)का लागि दरखास्त संकलन गर्ने तथा कागजात प्रमाणीकरणलगायतका कन्सुलर सेवा दिने कार्यवाहक राजदूत पौड्यालले बताए। पाँच दिनसम्म चल्ने उक्त शिविरमा तीन कर्मचारी खटिने उनले बताए।

टोलीले राहदानीको म्याद सकिसकेको, राहदानीको म्याद एक वर्षभन्दा कम भएको, क्षति भएको, हराएको र माल्टामै जन्मेका नेपाली बालबालिकाको नयाँ राहदानीका लागि दरखास्त संकलन गर्ने तथा अन्य कन्सुलर सेवा प्रदान गर्ने जनाएको छ।

विद्युतीय राहदानी (ई-पासपोर्ट)का लागि २५ नोभेम्बरभित्र अनलाइन आवेदन फारम भरिसक्न र शिविरबाट राहदानी नवीकरणलगायतका आवश्यक सेवा लिन आग्रह गरिएको छ। माल्टामा नेपाली दूतावास नभएका कारण विभाग र स्पेनस्थित नेपाली दूतावासको संयुक्त टोलीले त्यहाँ घुम्ती शिविर सञ्चालन गर्न लागेको हो।

### राज्यलाई...

पढेर छाड्छन्। परिणाममा गाउँ नै एसईई पास गर्ने व्यक्ति शून्य गाउँका रूपमा रहन बाध्य छ।

नेपाल ३ तहको संघीयतासहितको अभ्यासमा गएको एक दशक हुन लाग्यो। स्थानीय सरकार निर्वाचित भएर एक कार्यकाल सकिएर दोस्रो कार्यकाल पनि आधार सकिँदै छ। तर, ३ वटै तहको सरकारले विद्यालय जाने विद्यार्थीलाई बीचमै स्कुल छाड्ने प्रवृति रोक्न गरेको प्रयासले जुम्लाको तातोपानी गाउँपालिकास्थित गोप्थाडा गाउँमा काम गरेन।

सरकारले बजेट भाषणमा शिक्षालाई प्रथामिकता दिएको भनेर नीति तथा कार्यक्रम ल्याउँछ। तर, व्यवहारमा गोप्थाडा गाउँले एसईई पास गरेको व्यक्ति नभएको गाउँको आफ्नो परिचय बदल्न सकिरहेको छैन।

स्थानीयका अनुसार गोप्थाडा गाउँको ३ कक्षासम्म पढाइ हुने विद्यालयमा अध्यापन गराउने शिक्षक गाउँबाहिरका छन्। यसो हुँदा ३ कक्षासम्मको पढाइसमेत नियमित र प्रभावकारी हुन नसकेको स्थानीयको गुनासो छ।

कक्षा ३ सम्म पढाइ भइरहेको पैकेला आधारभूत विद्यालयका प्रधानाध्यापक बलबहादुर रावल गोप्थाडाबाट कसैलाई पनि एसईई पास गराउन नसकिएको बताउँछन्।

तथापि, एसईई पास गरेका २ जना महिला भने बिहे गरेर गोप्थाडा पुगेका छन्।

'गोप्थाडाबाट कसैलाई पनि एसईई पास गराउन सकिएको छैन। तर, पछिल्लो समय विवाह गरेर अन्य गाउँबाट आएका २ जना बुहारीले भने एसईई पास गरेको पाइएको छ।'

गोप्थाडा गाउँका २ जना हाल कक्षा ९ मा अध्ययनरत छन्। स्थानीयका अनुसार सो गाउँका एक विद्यार्थी महेश डाँगी तातोपानीको हिमशिखर माविमा र बिष्णुमाया डाँगी जुम्ला सदरमुकामको चन्दननाथ माध्यामिक विद्यालयमा अध्ययन छन्।

तातोपानी गाउँपालिका शिक्षा शाखा प्रमुख सुरतबहादुर शाही गोप्थाडामा एक अभिमुखीकरण कार्यक्रम राख्ने तयारी रहेको बताउँछन्। उनी भन्छन्, 'गोप्थाडाको अवस्था सुधार्न तयार छौं। यसका लागि अभिभावक, शिक्षकसहितको कार्यक्रम राख्न आवश्यक छ।'

तातोपानी गाउँपालिका वडा- २ का अध्यक्ष चन्द्रमान बुढाले गोप्थाडामा २५/२६ घरधुरी रहेको बताए। उनले विद्यार्थीहरू स्कुलको पढाइ छाडेर भारत तर्फ जाने गरेको बताए। उनले आगामी दिनहरूमा एसईई दिने बिद्यार्थीलाई पालिकाले निशुल्क ट्युसन पढाइका लागि व्यवस्था गर्ने बताए।

जुम्ला शिक्षा विकास तथा समन्वय इकाई जुम्लाका प्रमुख रमेश मल्ल २१औं शताब्दीमा पनि गोप्थाडा जस्तो गाउँ हुनु राज्यलाई चुनौती रहेको बताउँछन्।

शिक्षा विकास तथा समन्वय इकाई जुम्लाका प्रमुख मल्ल भन्छन्, 'अब गोप्थाडामा अध्ययन गर्न जाने सोच बनाएको छु। अब यो समस्या समाधान कसरी गर्न सकिन्छ, सबै मिलेर अगाडि बढ्न आवश्यक छ।

### निर्वाचन...

पदाधिकारी, स्थानीय कार्यपालिका र सोका सदस्य, संघ, प्रदेश र स्थानीय तहका कर्मचारी, सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी, सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारीलाई आचारसंहिता लाग्नेछ।

राजनीतिक दल तथा राजनीतिक दलको भ्रातृ संगठन, उम्मेदवार तथा सम्बन्धित व्यक्ति, राजनीतिक दल तथा उम्मेदवारको मतदान प्रतिनिधि तथा मत गणना प्रतिनिधि, सार्वजनिक पद धारण गरेको व्यक्ति, अनुगमन समितिका पदाधिकारी तथा अनुगमनकर्ता, पर्यवेक्षण संस्था तथा पर्यवेक्षक, संचार प्रतिष्ठान, सोका कर्मचारी तथा संचारकर्मी, निजी तथा गैरसरकारी संस्था, सोका पदाधिकारी तथा कर्मचारी र विद्यालय, महाविद्यालय वा विश्वविद्यालय, सोका शिक्षक तथा कर्मचारीको हकमा पनि आचारसंहिता लागू हुने आयोगले जनाएको छ।

यसैगरी, मतदाता, विकास साझेदार संस्था, सरकारी वा अर्धसरकारी निकायबाट संचालित परियोजना तथा परियोजनाका कर्मचारी, मतदाता शिक्षा कार्यक्रम संचालन गर्ने संस्था तथा सो संस्थाका कर्मचारी, निजी क्षेत्रका बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, व्यापारिक तथा औद्योगिक क्षेत्र, सोका पदाधिकारी, कर्मचारी तथा कामदार, वस्तु वा सेवा प्रदायक व्यावसायिक संस्थाका पदाधिकारी, कर्मचारी तथा कामदार र आयोगले तोकेका अन्य निकाय वा व्यक्तिले आचारसंहिताको पालना गर्नुपर्ने छ।

आचारसंहिता लागू भएको जिल्लाका निर्वाचन हुने स्थानीय तहबाहेक अन्य क्षेत्रमा निर्वाचन आचारसंहिताले निषेध गरेका कार्य गर्नु/गराउनुपरेमा निर्वाचन आयोगलाई पूर्वजानकारी दिई निकास भएबमोजिम गर्न सकिने आयोगले जनाएको छ।

आचारसंहिताविपरीतका कार्य भए/गरेको पाइएमा वा हुन सक्ने पर्याप्त आधार र कारण देखिएमा मौखिक, लिखित, सामाजिक संजाल, विद्युतीय माध्यम वा अन्य कुनै तरिकाले उजुरी दिन पनि आयोगले आग्रह गरेको छ।

मंसिर १६ गते हुने स्थानीय तह उपनिर्वाचनका लागि आइतबार मनोनयनपत्र दर्ता हुँदै छ। बिहान १० देखि अपराह्न ५ बजेसम्म सम्बन्धित स्थानीय तहमा स्थापना भएका निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोयन दर्ता हुने आयोगले जनाएको छ।

विभिन्न कारणले स्थानीय तहमा रिक्त जिल्ला समन्वय समितिका प्रमुख २, गाउँपालिका अध्यक्ष २, उपाध्यक्ष ४, नगरपालिका प्रमुख र उपप्रमुख १/१ र वडाध्यक्ष ३४ गरी जम्मा ४४ रिक्त पदमा निर्वाचन हुँदै छ।

# जाजरकोटको नलगाड र कुशे–७ मा निर्वाचन अधिकृतको कार्यालय स्थापना

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १ मंसिर




जाजरकोटको नलगाड नगरपालिका र कुशे गाउँपालिका-७ मा मंसिर १६ गते हुन लागेको स्थानीय तह उपनिर्वाचनका लागि निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको छ। शुक्रबार नलगाड नगरपालिका दल्ली र कुशे गाउँपालिका-७ को नेपाल राष्ट्रिय मावि समकोटमा निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको हो।

नलगाडमा मुख्य निर्वाचन अधिकृत श्यामलाल घिमिरे र कुशे-७ मा नविन कुमार भट्टले औपचारिक रुपमा निर्वाचन कार्यालयको उद्घाटन गरेका छन्। निर्वाचन आयोगले सार्वजनिक गरेको निर्वाचन कार्यतालिका अनुसार नै शुक्रबार मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको हो।

जाजरकोटको नलगाड नगरपालिकामा उपप्रमुख पदमा र कुशे गाउँपालिका-७ मा वडाध्यक्ष पदका लागि उपनिर्वाचन हुँदैछ। त्यहाँ नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आ-आफ्नो उम्मेदवारको नाम घोषणा गरिसकेका छन्। एमालेले नलगाड नगरपालिकाको उपप्रमुखमा सुनिता बोहोरा, कुशे गाउँपालिका वडा नम्बर-७ को वडाध्यक्षमा डम्बरबहादुर घर्तीलाई उम्मेदवार बनाएको छ।

यस्तै नेपाली कांग्रेसले जाजरकोटको नलगाड नगरपालिकाका उपप्रमुखमा इन्द्राचन्द सिंह र कुशे गाउँपालिका वडा नम्बर-७ को वडाध्यक्षमा खम्बबहादुर सिंहलाई उम्मेदवार बनाएको छ। यस्तै नेकपा माओवादी केन्द्रले नलगाड नगरपालिका नगर उपप्रमुखमा देवका लामिछाने र कुशे गाउँपालिका वडा नम्बर-७ को वडाध्यक्षमा गोरख नेपालीको नाम घोषणा गरेको छ।

यस्तै रास्वपाले जाजरकोटको नलगाड नगरपालिकाको उपप्रमुखको उम्मेदवारमा पार्वती पुनको नाम घोषणा गरेको छ भने कुशे-७ मा वडाध्यक्ष पदका उम्मेदवारको टुंगो लगाउने काम प्रक्रियामै रहेको जनाएको छ।

निर्वाचनको कार्य तालिकाअन्तर्गत मंसिर २ गते उम्मेदवारी मनोनयन दर्ता गरिनेछ। निर्वाचन कार्यतालिका अनुसार उम्मेदवारी दर्ताको समय १० देखि ५ बजेसम्म रहेको छ भने सोही दिन नै उम्मेदवारको सूची सार्वजनिक हुनेछ।

उम्मेदवारको विरोधमा उजुरी दिने मंसिर ३ गते र उजुरीमाथि छानबिन मंसिर ४ गते गरिनेछ। उजुरीमाथिको छानबिनपछि उम्मेदवारको नामावली सोही दिन प्रकाशन गरिने तालिका छ। त्यसैगरी उम्मेदवारको नाम फिर्ता लिने मंसिर ५ गते र उम्मेदवारको अन्तिम नामावली सोही दिन प्रकाशन गरेर उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने निर्वाचन कार्यालयले जनाएको छ।

# कांग्रेसबाट रौतहटमा क–कसले पाए टिकट ?

**ओमप्रकाश यादव/मध्यान्ह**
रौतहट, १ मंसिर

**उपनिर्वाचन**



नेपाली कांग्रेसले उपनिर्वाचनका लागि रौतहटको तीनवटै वडाको अध्यक्ष पदको उम्मेदवारलाई टिकट वितरण गरेको छ। आगामी मंसिर १६ गते आइतबार रिक्त पदहरूमा रौतहटसहित देशैभर स्थानीय तहको उपनिर्वाचन हुँदैछ।

रौतहटको गढीमाई नगरपालिका-८,राजपुर नगरपालिका -६ र इशनाथ नगरपालिका-७ गरी तीन ठाउँमा उपनिर्वाचन हुन लागेको छ।

नेपाली कांग्रेसले यसअघि नै चयन गरेका यी तीनवटै वडाको अध्यक्ष पदका उम्मेदवारलाई शनिबार टिकट वितरण गरेको कांग्रेसका मधेश प्रदेश प्रचार विभाग प्रमुख नितेश कुमार गुप्ताले जानकारी दिएका छन्।

कांग्रेसबाट गढीमाई नगरपालिका -८ मा सुबोध कुमार यादव, राजपुर नगरपालिका-६ मा सम्से आलम र ईशनाथ नगरपालिका -७ मा शेख अब्दुल खलिकले टिकट पाएको प्रचार विभाग प्रमुख गुप्ताले बताए।

मंसिर २ गते उम्मेदवारको मनोनयन दर्ता हुने कार्यक्रम रहेकोले मनोनयन दर्ता कार्यक्रममा भारी संख्यामा नेता कार्यकर्तालाई सहभागी हुन उनले सबैलाई आग्रह गरे।

## विष्णुमती सफाइ अभियान
# १६ सरसफाइकर्मीलाई नगदसहित सम्मान

**सुशान्त न्यौपाने/मध्यान्ह**
काठमाडौं, १ मंसिर



टोखा नगरपालिकाले शनिबार २५ औं हप्ताको सरसफाइ कार्यक्रम सम्पन्न गरेको छ। बानियाँटार पुल क्षेत्रमा सफाइपछि गरिएको एक विशेष कार्यक्रममा नगरपालिकाले १६ जना सफाइकर्मीहरुलाई नगदसहित सम्मान गरेको छ। त्यस्तै विभिन्न संघसंस्था, पूर्वजनप्रतिनिधि, नेपाल प्रहरी, सशस्त्र प्रहरी, कल्पलता द्वैमासिक, सामाजिक अभियन्ता, पत्रकार र नेपाल आर्मीलाई पनि कदर पत्रबाट सम्मान गरेको छ।

बागमती सरसफाइ महाअभियानका संयोजक तथा पूर्वमुख्यसचिव लिलामणी पौडेलको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा नगरप्रमुख प्रकाश अधिकारी, उपप्रमुख मुरारी तामाङ, प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर बिसी, वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक नरोतम रानाले कार्यक्रममा सम्बोधन गरेका थिए।

कार्यक्रमका प्रमुख अतिथि लिलामणी पौडेलले सफाइ अभियानलाई समुदायसँग जोडेर निरन्तरता दिनुपर्ने बताए। समुदायको सक्रिय सहभागिता गराउन सके अभियानले सार्थकता पाउने बताए। त्यस्तै विशेष अतिथि नगरप्रमुख प्रकाश अधिकारीले विष्णुमती करिडोर खोल्ने अभियानसँगै सफाइ नगर बनाउने अभियानले निरन्तरता पाउने बताए।

अधिकारीले आगामी ५० औं हप्ताको सफाइ कार्यक्रममा सक्रिय अभियानकर्मीहरुको वर्गिकरण गरेर मात्र अवार्ड प्रदान गरिने बताए। अधिकारीले काठमाडौंको पूर्वाधार विकाससँगै सफा र स्वच्छ नगरपालिका बनाउने आफ्नो मुल ध्येय भएको बताए। कार्यक्रममा बोल्दै प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर बिसीले सफाई अभियानमा सक्रिय सहभागिता जनाउनले हुने सबैलाई धन्यवाद दिँदै आगामी कार्यक्रम नयाँ ढंगले सुरुवात गर्न लागेको बताए। बिसीले 'अहिले नगरे कहिले गर्ने, हामीले नगरे कसले गर्ने'भन्ने नारासहित सम्बोधन गरेका थिए।

कार्यक्रममा सफाइ सम्बन्धी जनचेतनामुलक गीत, कविता प्रस्तुत गरिएको थियो। वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक नरोतम रानाले स्वागत मन्तव्य दिएका थिए भने योजना शाखा प्रमुख मधु मिश्रले कार्यक्रम सञ्चालन गरेका थिए।

# रोकिएन बालविवाह
# राष्ट्रिय रणनीति तयार गर्दै सरकार

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ मंसिर

नेपालको संविधानको धारा ३९ ले बालबालिकाको हक सुरक्षित गरेको छ । जसमा बालविवाह गर्न/गराउन पूर्ण बन्देज गरेको छ। मुलुकी अपराध संहिता, २०७४ ले बालविवाह गर्ने/गराउनेलाई कैद तथा सजाय नै तोकेको छ । अपराध संहिताको दफा १७३ मा विवाहका लागि २० वर्षको उमेर तोकिएको छ । २० वर्षभन्दा कम उमेरमा हुने विवाह स्वतःवदर हुने तथा यस्तो कसुरमा ३ वर्ष कैद र ३० हजारसम्म जरिवाना तोकिएको छ। तर नेपालमा अझै बालविवाह रोकिन सकेको छैन ।

सुनसरीको वराहक्षेत्र नगरपालिका-१ चतरामा गएको असोज ३० गते विदेशी नागरिकसँग बालविवाह गराउने बेहुलीका बाबुसहित ८ जना पक्राउ परे । जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक रामप्रसाद तिमल्सिनाका अनुसार धनकुटाको छथर जोरपाटी-२ की १६ वर्षकी किशोरीलाई चिनियाँ नागरिकसँग जबरजस्ती बालविवाह गराउने बेहुलीका बुवा ३९ वर्षीय लोकबहादुर परियारसहित आठ जनालाई पक्राउ गरेको हो ।

बालिकालाई चीनको हुबेल बस्ने ३३ वर्षीय ली टेङसँग बालविवाह गराउँदै गरेको अवस्थामा बेहुलासहितका सहभागीहरूलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

छोरीलाई जबरजस्ती विवाह गराउने किशोरीका बाबु ३९ वर्षीय लोकबहादुर परियार, बेहुला चिनियाँ नागरिक लि टेङ, उदयपुरको बेलका नगरपालिका-९ का ४३ वर्षीया दीपक दर्जी, ४२ वर्षीय बद्रीविक्रम राई, स्याङ्जाको पुतलीबजार नगरपालिका-१२ का २० वर्षीय सितल गुरुङ, काभ्रेपलान्चोकको रोशी गाउँपालिका-३ की २० वर्षीया रोशनीमाया तामाङ, चिनियाँ नागरिकहरू ३५ वर्षीय डोङ शिहाओ र वु हेजीलाई पक्राउ गरिएको छ ।

**१७ वर्ष नपुग्दै विवाह गर्ने बालबालिका ७४ हजार**

राष्ट्रिय जनगणना, २०७८ को बालबालिका सम्बन्धी तथ्यांकीय प्रतिवेदनले २०७८ सालमा ७४ हजार २७२ जनाले १० देखि १७ वर्षको उमेरमै विवाह गरेको देखाएको छ। यसले देशमा बालविवाहको समस्या गम्भीर रहेको देखाएको छ । १७ वर्षभन्दा कम उमेरमै विवाह गरेकामध्ये आधा जति ग्रामीण क्षेत्रका छन् । बाँकी अर्धशहरी र शहरी क्षेत्रमा बसोबास गर्ने बालबालिका छन् ।

संख्याका आधारमा सबैभन्दा धेरै बालविवाहको समस्या मधेशमा देखिएको छ । मधेश प्रदेशमा १६ हजार ३४७ बालबालिकाको १७ वर्षभन्दा कम उमेरमै विवाह भएको पाइएको छ। लुम्बिनीमा १३ हजार ७३८ जना बालबालिकाको विवाह भएको छ । कुल विवाहितमध्ये बालविवाह गर्नेको अनुपात कर्णालीमा सबैभन्दा धेरै २.६२ प्रतिशत छ । त्यस्तै, गण्डकीमा १.८७ प्रतिशत छ ।

बाल्यकालमै विवाह भएकामध्ये ५३४ जना एकल भएको, १०७ जनाको पारपाचुके भएको र २२२ जना छुट्टिएको देखिएको छ ।

जनगणनामा २० देखि २४ वर्ष उमेर पुगेका विवाहित बालबालिकालाई सोधिएको विवाहको उमेर सम्बन्धी प्रश्न अनुसार १४.१ प्रतिशत उत्तरदाताले आफ्नो विवाह १८ वर्ष नपुग्दै भएको उत्तर दिएका थिए । यसरी उत्तर दिएकामध्ये २१.९ प्रतिशत बालिका थिए। यसले पाँचमध्ये एक बालिकाको १८ वर्षको उमेर नपुग्दै विवाह भइरहेको देखिएको छ ।

आर्थिक स्थिति अनुसार गरीब घरपरिवारमा जन्मिएका बालबालिकाको विवाह छिटै हुने गरेको पनि प्रतिवेदनले औंल्याएको छ । अति न्यून परिवारका २०.८ प्रतिशतको विवाह १८ वर्ष नपुग्दै हुने गरेकामा अति धनी परिवारका भने ४.९ प्रतिशतको मात्रै १८ वर्ष नपुग्दै विवाह भएको देखिएको छ ।

**राष्ट्रिय रणनीति २०८१ ल्याउने तयारी**

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले देशका विभिन्न जिल्लामा भएका बाल विवाह अन्त्य गर्ने उद्देश्यले 'बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०८१' ल्याउने भएको छ । बालविवाहका कारण बैवाहिक जीवन दिगो नहुने, परिपक्व नभई सन्तान जन्माउँदा स्वास्थ्यसम्बन्धी विभिन्न समस्या देखिने, लैंगिक हिंसा, यौनजन्य हिंसा, बालश्रम, बेचबिखन जस्ता थप हिंसाहरूले बालिका र महिला थप प्रताडित हुने समस्या रोक्नका लागि पनि रणनीति निर्माणको अन्तिम चरणमा पुगेको महिलामन्त्री नवलकिशोर साह सुडीले जानकारी दिए ।

उनले भने, 'अशिक्षा, आर्थिक अवस्था कम्जोर र बालविवाह गर्दा हुनसक्ने समस्याका बारेमा जानकारी नभएकै कारण ग्रामीण क्षेत्रका बालबालिकाहरु उमेरै नपुगी वैवाहिक जीवनमा जोडिन बाध्य छन्, विशेषगरी बालविवाहलाई व्यावहारिक रुपमै अन्त्य गर्नका लागि पनि रणनीति निर्माण लागिएको हो ।'

विवाह गर्ने वा नगर्ने भन्ने विषय प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार भएको र बालबालिकाको शिक्षा, प्रजनन स्वास्थ्य र बाल अधिकारलाई ध्यानमा राखी नेपालमा २० वर्षमुनि उमेरका व्यक्तिको विवाहलाई बालविवाह मानिएको छ ।

नेपालको संविधान, राष्ट्रिय बालबालिका नीति, २०८०; मुलुकी अपराधसंहिता, २०७४, बालबालिकासम्बन्धी ऐन, २०७५ तथा बालबालिकासम्बन्धी नियमावली, २०७८; स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालविवाह विरुद्धको रणनीति, २०७२ लगायत अन्य कानुन पनि बालविवाह अन्त्यका लागि कार्यान्वयनमा रहेका छन् । बालबालिकाको हक र अधिकारको सुनिश्चतताका लागि बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ र महिलामाथि हुने सबै प्रकारका विभेदहरूको अन्य गर्ने महासन्धि, १९७९ लाई अनुमोदन गरी बालबालिका र महिलाको अधिकारलाई कार्यान्वयनका लागि प्रतिबद्धता जनाएको छ ।

दिगो विकासको लक्ष्य (२०१६-२०३०) लगायतका मानव अधिकार र बाल अधिकारसँग सम्बन्धित दस्तावेजहरूलाई नेपालले अंगिकार गरेको छ। नेपालको कुल जनसंख्या दुई करोड ९१ हजार ६४ हजार पाँच सय ७८ मध्ये बालबालिका (१८ वर्षसम्मका) को ९८ लाख ६९ हजार पाँच सय ८३ (३३.८४ प्रतिशत) रहेका छन् । जसमध्ये बालक ५१.८ प्रतिशत र बालिका ४८.२ प्रतिशत रहेको छ । कुल पुरुषमध्ये बालक ३६ प्रतिशत र कुल महिलामध्ये ३२ प्रतिशत बालिका रहेको छन् । नेपाल बहुक्षेत्रीय क्लस्टर सर्वेक्षण, २०७६ अनुसार २० देखि २४ वर्ष उमेर समूहका विवाहित व्यक्तिहरुमध्ये १५ वर्षमुनिका ५.२ प्रतिशत (पुरुष १.५ प्रतिशत र महिला ७.९ प्रतिशत) र १८ वर्षमुनिका २२.७ प्रतिशत (पुरुष नौ प्रतिशत र महिला ३२.८ प्रतिशत) को विवाह भएको पाइएको छ ।

राष्ट्रिय बाल अधिकार परिषद्का प्रवक्ता रामबहादुर चन्दले गरिबी, बाल अधिकारप्रति बेवास्ता, दायित्व र जिम्मेवारी बहन हुन नसक्नु, बालबालिका प्राथमिकतामा नपर्नु, समन्वय, सहयोग, सहजीकरण र सहकार्यमा कमी हुनु, कानुनी र नीतिगत व्यवस्थाअनुरुप योजना र कार्यक्रम तर्जुमा र भएका पनि कार्यान्वयन हुन नसक्नु बाल विवाहका मुख्य समस्या र चुनौती भएको बताए ।



## बालविवाह मुक्त गर्न जुट्दै सिंजा

**मध्यान्ह संवाददाता**
जुम्ला, १ मंसिर

जुम्लाको सिंजा गाउँपालिका बालविवाह मुक्त अभियानमा जुट्न थालेको छ । पालिकाका ३ वटा वडा बालविवाह मुक्त गरिएको छ । सिंजा गाउँपालिका -२ वडाको आयोजना, गाउँपालिका अन्तर्गतको महिला तथा बालबालिका शाखाको समन्वय तथा प्लान नेपालको सहयोगमा पेस नेपाल जुम्लाको साझेदारीमा शनिबार दुई वडा बालविवाह मुक्त वडा घोषणा गरिएको हो ।

वडा नं. २ का वडाध्यक्ष तिर्थ वडका अनुसार बाल विवाह मुक्त घोषणासँगै शतप्रतिशत बालबालिका विद्यालयमा भर्ना भइ बाहिर नरहेको बताए । उनले भने, अशिक्षा, गरिबी, परम्परागत चलन, चेतनाको अभावका कारण पनि बालविवाह हुने गर्छ । अहिले उमेर नपुग्दै युवायुवतीहरूले भागेर विवाह गर्ने चलन रहेको छ ।' सानै उमेरमा विवाह गर्दा शिक्षा, स्वास्थ्य, सुरक्षा सम्बन्धी अधिकारहरूबाट पनि यसले वञ्चित हुने गरेको पाइन्छ ।

त्यस्तै सिंजा गाउँपालिकाका अध्यक्ष पूर्ण प्रसाद धितालले नेपालको संविधान र बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिकाको हकमा बाल विवाहलाई निषेध गरी सकेको र यसको उन्मुलनको लागि स्थानीय सरकारले अभियान पनि शुरु गरेको बताए । उनले बालविवाह समाजका लागि हानिकारक भएको बताए । उनले भने,'पहिले भन्दा हाल अवस्था निकै सुधारिएको छ। उनका अनुसार वडा हुँदै पालिका घोषणा गर्ने बताए । बालविवाहा मुक्त गरेका वडाहरुमा बालविवाह हुन नदिने तयारी गरिएको छ। यसको लागी बालक्लवहरुलाई सक्रिय बनाइएको छ।' बालविवाहका मुक्त घोषणा गर्नका लागि तोकिएका सबै पुरा गरेपछि यो वडालाई मुक्त घोषणा गरिएको हो ।

# सन्धिखर्क बजारका सडक धमाधम कालोपत्रे

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १ मंसिर



जिल्ला सदरमुकाम सन्धिखर्क नगरपालिका अन्तर्गत पर्ने बजार क्षेत्रभित्रका मुख्य सडकहरुमा कालोपत्रे बिच्छ्याउने कार्य शुरु भएको छ ।

नगरपालिकाको आन्तरिक स्रोत व्यवस्थापनमार्फत नगर क्षेत्र बजारभित्रको झण्डै ४ किलोमिटर सडकखण्डमा कालोपत्रे बिच्छ्याउने काम सुरु भएको सन्धिखर्क नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले जानकारी दिए। नगरभित्रका मुख्य तथा भित्री सडकको स्तरोन्नति र कालोपत्रे गरी सन्धिखर्क बजारलाई सफा सुन्दर हराभरा बनाउने अभियान अन्तर्गत सडकहरुलाई स्तरउन्नति गरिएको नगर प्रमुख श्रेष्ठको भनाइ छ ।

नगरभित्रको चार किलोमिटर सडक चालु आर्थिक वर्षभित्रै सक्नेगरी सन्धिखर्क नगरपालिकाको सरकारी कार्यालय क्षेत्र जिल्ला प्रशासन कार्यालयदेखि सन्धिखर्क शान्ति बगैंचा, टुँडिखेल लाइन, बैंक रोड, मिडिया चोक, गुन्टेखोला, हललाइन, पेट्रोल पम्प लाइन हुँदै चुत्राबेसी भगवती मन्दिर टोल, मसाल बजार भक्तिटोला मान्द्रेबजार चुत्राबेसी घोचेखोलासम्मका भित्री तथा बाहिरी सडकहरु कालोपत्रे गर्ने काम यसै आर्थिक वर्ष सम्पन्न गर्नेगरी कालोपत्रेको कामलाई तीव्रता दिइएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खिमानन्द भुसालले जानकारी दिए।

बजार क्षेत्रका मुख्य सडकहरु बिग्रिएका, खाल्डाखुल्डी परेका, पोलहरु रहेका सडक, घरधनीले पेटिहरु प्रयोग गरेका ठाउँहरुलाई हटाएर न्यूनतम पुरानो सडकको मापदण्ड अनुसार मुख्य सडकहरु चौडा पारेर कालोपत्रे गर्न सन्धिखर्क नगरपालिकाले नगरपालिकाको आन्तरिक बजेट व्यवस्थापनबाट झण्डै ६ करोडमा ठेक्का लगाएको नगरपालिकाका योजना अधिकृत दिलिप केसीले जानकारी दिए ।

सन्धिखर्कको मुख्य बजारमै भएको साँघुरो सडक र स्थानीयवासीले सडक मिचेर बनाएका पेटी भत्काएर फराकिलो पार्दै सडकमा कालोपत्रे बिच्छ्याउने काम अघि बढेको नगरपालिकाका प्राविधिक नारायण पोखेलको भनाइ छ । नगरको मुख्य र भित्री बजारका सबैजसो सडक न्यूनतम मापदण्ड अनुसार सडक विस्तारमा नगरपालिका अहिले अगाडि बढेको छ । यद्यपि कतिपय स्थानमा भने मापदण्ड नपुगेरपनि स्थानीय सरकारले सडक विस्तार गरिरहेको सन्धिखर्कका समाजसेवी नरेन्द्र कुँवरले बताए । पहिलो चरणमा सन्धिखर्कको मुख्य बजार क्षेत्र कालोपत्रे गरेपछि सन्धिखर्कबाट विभिन्न ठाउँमा जोड्ने वडा जोड्ने राजमार्ग सहायक मार्ग जोड्ने सडकहरुमा रहेका खाल्डाखुल्डी पुर्ने कालोपत्रे गर्ने काम सुरु गर्ने नगरपालिकाका उपप्रमुख मिश्रा आचार्यले बताइन् । 'बजारका सबै सडकको न्यूनतम मापदण्ड अनुसार चौडा पार्ने काम सकिएको थियो' नगरप्रमुख श्रेष्ठले भने,'अहिले दोस्रो चरणका काममा अघि बढेका छौं ।'

शाखा सडकहरू यसअघि पाँच मिटर कायम गरिएकोमा नगरपालिका कार्यान्वयनपछि आठ मिटरको मापदण्ड बनाएर फराकिलो पार्ने योजना बनाइएको छ तर केही पक्की घरहरु पहिले नै बनेका कारण बजार क्षेत्रका सबै सडक आठ मिटरको कायम भने हुन नसकेको नगरप्रमुख श्रेष्ठको भनाइ छ ।

सडकमा कालोपत्रे बिच्छ्याउने काम सुरु भएपनि बजार क्षेत्रका केही मुख्य सडक भने यस पटक छुटेका छन्। ती सडकमा कालोपत्रे र नाली बनाउनका लागि पर्याप्त बजेट नभएका कारण सबै सडक यसै पटक कालोपत्रे गर्न नसकिएको नगरप्रमुख श्रेष्ठले बताए ।

**VACANCY ANNOUNCEMENT**

A leading foreign recruitment agency is seeking the following position urgently. SALARY - No Bar for Deserving candidates

PRO- 3 Male/ Female
Documentation - 2 Male/ Female
Qualification: - More than 3/4 years of Experience in Manpower Field

9841730799 aslesha.international@gmail.com

**Aslesha International Pvt. Ltd.**
Basundhara, Kathmandu, Tel.: 01-4016608
श्रम इजाजत नं. १४०२/०७४/०७५

**कुबेतमा रोजगार** | कम्पनी: AL-QURAIN AUTOMOTIVE TRADING CO.(CLOSED) शहर: KUWAIT पुन: विज्ञापन
पूर्व स्वीकृत मितिः 2023/09/13 चलानी नं.: ६०२०७६३९ LT. No.: 292401

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Automotive Technician | 21 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ६१,३५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Automotive Worker | 36 | 0 | | 90 | ३९,४४२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ९ गते (24 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Abiz Global Pvt. Ltd.** Govt. Lic. No.: 1629/080/81
Samakhusi, Kathmandu, Tel:- 014973555, 4973255, 9851350733, 9802370733
9802360733, Email : cv.abizglobal@gmail.com, Web: www.abizglobal.com.np

**साउदीमा रोजगार** कम्पनी: KHEBRAT ALAAMAL CONTRACTING CO. शहर: Riyadh
पुर्व स्वीकृत मितिः २०८१/०७/२९ चलानी नं.: ६०२२८११० L.T. No.: 313671

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL LABOUR(CONSTRUCTION) | 4 | 0 | स. काममा दक्ष | 1000 | ३५,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: Buna Al Jazira Contracting Company, शहर: Riyadh पुर्व स्वीकृत मितिः २०८१/०७/३० चलानी नं.: ६०२२८१०९ L.T. No.: 313672

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver. | 6 | 0 | स. काममा दक्ष | 2500 | ८९,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ मंसिर ९ गते (24 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
पो.ब.नं. २४७८०, ताख्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
शाखा कार्यालय:- अतिथि सदन रोड (अतिथि सदन भवनका अगाडि), बिर्तामोड, झापा
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE
Branch office- 023-536663 | 9801433027 | 9801433031 | 9801433029

# सिरहामा निःशुल्क आँखा शिविर हुने

**मनु यादव निरज/मध्यान्ह**
सिरहा, १ मंसिर

सिरहा नगरपालिकामा निःशुल्क आँखा शिविर सञ्चालन हुने भएको छ । सिरहा नगरपालिकाका प्रमुख डा. नवीनकुमार यादवले दुई दिने निःशुल्क आँखा शिविर मंसिर ४ र ५ गते नगरपालिकाको सभा हलमा हुने जानकारी दिए । तिलगंगा आँखा प्रतिष्ठान काठमाडौंको व्यवस्थापनमा सञ्चालन गरिने शिविरमा अत्याधुनिक प्रविधिसहित उच्च गुणस्तरीय र सर्वसुलभ सेवा दिइने नगरपालिकाले जनाएको छ । शिविरमा आँखा जाँच गराउन आउन रामलाल गोल्छा आँखा अस्पताल प्रतिष्ठान विराटनगरले अनुरोध नगरबासीमा अनुरोध गरेको छ ।

यदि आँखा जाँचका क्रममा मोतियाबिन्दु भएका बिरामी भेटिए उनीहरुलाई क्योर ब्लाइन्डनेस प्रोजेक्टको आर्थिक सहयोगमा फूलकुमारी महतो मेमोरियल हस्पिटल आँखा विभाग कर्जन्हामा निःशुल्क शल्यक्रियाको व्यवस्था गरिएको नगरपालिकाको भनाइ छ । शल्यक्रिया मंसिर १२ र १३ गते फूलकुमारी महतो मेमोरियल हस्पिटलमा हुने बताइएको छ ।

**Province Government**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office, Jhapa**
**Koshi Province, Nepal**

**Invitation for Electronic Bids**

Infrastructure Development Office, Jhapa invites electronic bids for the following works under National Competitive Bidding procedure.

**First Date of publication: 17th November 2024 (Mangsir 02, 2081)**
**Last Date of Bid Submission: 17th December 2024 (Poush 2, 2081) at 12:00 Noon**

| S.N | Description of Works |
|---|---|
| 1 | Shahid Dhiren Mangtok Marga Sadak Kalopatre, Chulachuli, Ilam (Contract ID: IDO-JHP/W/NCB/MR-01/081-82) |
| 2 | Imanetar Shantichowk Hudai Shikharkateri Bajho Ma. Bi Sadak Nirman (Drain Sahit), Chulachuli, Ilam (Contract ID: IDO-JHP/W/NCB/MR-02/081-82) |
| 3 | Upgrading of Padajungi to Khatri Road, Ilam (Contract ID: IDO-JHP/W/NCB/MR-03/081-82) |
| 4 | Upgrading of Kerkha Stand Hudai Arnakhadi Jane road, Chulachuli, Ilam (Contract ID: IDO-JHP/W/NCB/MR-04/081-82) |
| 5 | Upgrading of Gauradaha Antargat Kohabhara Mahabhara Sadakma Gauradaha 7 Gwalduba bata Purwa Paschim dubaitarfa kaam hune gari Road, Gauradaha, Jhapa (Contract ID: IDO-JHP/W/NCB/MR-05/081-82) |
| 6 | Upgrading of Korobari Bhakurmari Aananda Rajbansiko Ghar dekhi Nepala Tajpuriyako Ghar hundai Bagahachaudhari jane Sadak (Contract ID: IDO-JHP/W/NCB/MR-06/081-82) |

All interested bidders may visit the website www.bolpatra.gov.np/egp for the detail information.

**Office Chief**

Huawei Technologies Nepal Company Private Ltd is a telecommunication solution provider with long-term partnership with operators in Nepal. Working with our customers, we are committed to enriching people's lives through communication. Huawei is seeking for qualified candidates in following positions.

HUAWEI

**VACANCY**

**1 Position: Project Analyst (Manager)**

**No. of Person required: 1**

**Job Responsibilities:**
- Responsible to handle delivery projects with profound knowledge about project management.
- Set budgets for projects and take responsibility for profits and losses of the respective project.
- Correctly assign project tasks among the project team. Make the project team understand the SOW, make feasible plans to coordinate with related department to fulfill the service.
- Provide support and guide junior managers/team leaders to ensure project is delivered within stipulated timeline and budget. Successfully help the project team to overcome difficulties and keep the project operation on the right track.
- Take an active part in exploring opportunities and provide solutions at the pre-sales stage.
- Manage project risks and potential issues and meet contractual requirements by integrating project plans and coordinating resources. Ensure the compliance of relevant regulations of Customers & Huawei.

**Qualification:**
- Bachelor Degree in any discipline with good knowledge of Project management.
- Minimum 8 years work experience in related field.
- Should be a team player with a great attitude of being initiative.
- In depth understanding of global telecom industry.
- Should have strong interpersonal capability & leadership skill.
- Good proficiency in English language both spoken & written. Ability to speak and write Chinese language will be an added advantage.

**Interested Candidates for all of the above positions are requested to send Job application, CV and copy of educational certificates at nepal@huawei.com by 24th November, 2024. Preference will be given to Nepalese citizens.**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२ मंसिर २०८१, आइतबार
17 November 2024, Sunday

सम्पादकीय

## अस्वीकार्य अभिव्यक्ति

शनिबार काभ्रे पुगेका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफू फेरि प्रधानमन्त्री बन्न सक्ने संभावनाबारे बोलेका छन् । प्रचण्डले आफू चौथो पटक प्रधानमन्त्री बन्न सक्ने सन्देश दिन लोकतान्त्रिक अभ्यास सम्झिएका थिए । प्रमुख विपक्षी दल भनेको 'गभर्मेन्ट इन वेटिङ' भएकाले अर्को सरकारको पर्खाइमा माओवादी रहेको उनको भनाइ थियो । विगतमा माओवादीसँग जादू नम्बर रहेको आफ्नो अभिव्यक्तिलाई लिएर भएका टिप्पणी पनि प्रचण्डले सम्झेका थिए । प्रतिनिधिसभामा ३२ सिटे भए पनि अर्को सरकार बन्दा माओवादीकै नेतृत्वमा बन्ने भएकाले नयाँ सरकार पर्खिरहेको प्रचण्डले बताएका थिए । झण्डै ४ महिनाअघि प्रधानमन्त्रीमा विश्वासको मत गुमाएर प्रतिपक्षी दलको नेता बन्न पुगेका प्रचण्डले अर्को सरकार बन्नेबारे सार्वजनिक अभिव्यक्ति दिएको यो पहिलो पटक हो । यसअघि प्रचण्डले सरकार फेर्ने खेलमा नफर्कने घोषणा गर्दै आएका थिए ।

तर, केही दिनयता प्रचण्डको बोली फेरिएको छ । काभ्रे पुगेर नयाँ सरकारको पर्खाइमा रहेको बताउने प्रचण्डले भारतीय एक आमसंचार माध्यमलाई दिएको अन्तर्वार्ता विवादित बनेको छ । सरकारको नेतृत्व गरिरहेको नेकपा एमालेले प्रचण्डले दिएको अन्तर्वार्ताप्रति आपत्ति जनाएको छ । शनिबार वक्तव्य जारी गरी एमालेले मुलुकको सार्वभौमसत्ता र स्वतन्त्रताबारे ख्याल नगरी प्रचण्डले अन्तर्वार्ता दिएको निष्कर्ष निकालेको छ । प्रचण्डको अभिव्यक्ति कुनै पनि सार्वभौम र स्वतन्त्र मुलुकका निम्ति उचित नरहेको एमालेको निष्कर्ष छ । हुनत प्रचण्डले प्रधानमन्त्री भइरहँदा पनि यस्तै विवादित अभिव्यक्ति दिएका थिए । आफूलाई प्रधानमन्त्री बनाउन एक ब्यापारीले नयाँ दिल्ली धाउने गरेको प्रचण्डको अभिव्यक्ति उनी प्रधानमन्त्री भइरहँदै विवादित बनेको थियो । प्रमुख प्रतिपक्षमा हुँदा पनि विवादित अन्तर्वाता दिएका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीले भारतभन्दा पहिले चीनको भ्रमण गरेर 'चिनियाँ कार्ड' खेल्न लागेको प्रचण्डले अन्तर्वार्तामा बताएका छन् । यही अन्तर्वार्ताप्रति एमालेको आपत्ति छ ।

> सामान्य अवस्थामा पनि सत्ता स्वार्थकै निम्ति देशबाहिरको समर्थन खोजी हिँड्ने कुरा गलत हो । यस्तो अस्वीकार्य कदम प्रचण्डबाट अथवा अरू कुनै नेताले चाले पनि स्वीकार्य हुन सक्दैन

सरकारको नेतृत्व कसले गर्ने ? कुनकुन दल मिलेर प्रतिनिधिसभामा बहुमत जुटाउने ? जस्ता कुरा नेताहरूकै विषय हुन् । त्यसैले वर्तमान सरकार टिक्छ वा ढल्छ जस्ता अभिव्यक्ति दिन नेताहरू स्वतन्त्र छन् । सरकार फेर्ने अधिकार पनि दलहरूसँग छ । प्रतिनिधिसभामा बहुमत जुटाएर अहिले प्रतिपक्षमा रहेका दलहरूले नयाँ प्रधानमन्त्री बनाउन सक्छन्, यो संवैधानिक कुरा हो । तर, नेपालको सरकार फेर्ने कुरा अरू देशको सम्बन्धसँग जोड्नु विल्कुल गलत हो । अझ दक्षिण छिमेकी भारतलाई खुशी बनाएर नेपालको प्रधानमन्त्री बन्ने कुरा कुनै पनि सार्वभौम र स्वतन्त्र देशका नेताले सोच्ने विषय होइन । भलै, हाम्रो राजनीतिक इतिहासमा भारतको हस्तक्षेप अर्थपूर्ण रहँदै आएको छ । तर, विशेष परिस्थितिमा छिमेकी मुलुकले एउटा निर्णय लिनु र निष्कर्ष दिनु विशेष कुरै हो । यसको अर्थ सामान्य अवस्थामा पनि सत्ता स्वार्थकै निम्ति देशबाहिरको समर्थन खोजी हिँड्ने कुरा गलत हो । यस्तो अस्वीकार्य कदम प्रचण्डबाट अथवा अरू कुनै नेताले चाले पनि स्वीकार्य हुन सक्दैन ।

# लागु पदार्थ दुर्व्यसन : कारण, समस्या तथा निराकरण

*नेपालमा खासगरी साथीभाइको संगत, बेरोजगारी, परिवारको भूमिकामा कमी, पश्चिमा संस्कृतिको प्रभाव, लागु पदार्थको व्यापारबाट छिट्टै धनी बन्ने व्यापारीका चिन्तन आदिले नेपालमा लागु पदार्थको दुरूपयोग बढ्दो छ*

अग्रलेख



● गम्भीरबहादुर हाडा

चिकित्सकको परामर्शबिना जथाभावी औषधि खाने प्रक्रियालाई लागु पदार्थ दुरुपयोग भनिन्छ । कुनै पनि औषधि वा वस्तुलाई नशाको रूपमा प्रयोग गर्ने प्रचलनलाई पनि लागु पदार्थ दुरुपयोग भनिन्छ । नेपालको सन्दर्भमा लागु पदार्थको दुरुपयोग प्राचीनकालदेखि नै हुँदै आएको छ । तर, यसबाट उत्पन्न हुने असर वा विकृतिहरू वर्तमान समयमा ज्यादै देखिएका हुन् । गाँजा सेवन यसको राम्रो उदाहरण हो । यसको प्रयोगले नेपालको शहरी तथा ग्रामीण क्षेत्रका सम्पूर्ण तह र वर्गका मानिसलाई समेटेको छ ।

सन् १९६० को दशकपछि शहरी क्षेत्रमा विकसित भएको पश्चिमाहरूको हिप्पी संस्कृतिले हेरोइन, अफिम, चरेस, कोकिनको प्रयोगलाई व्यापक बनाइदियो । लागु पदार्थको दुरुपयोगले प्रयोग गर्ने व्यक्तिको जीवन बर्बाद गर्छ नै, यसबाहेक परिवार, समाज र देशकै अर्थतन्त्र र संस्कृतिलाई नष्ट पार्छ । समाजमा हत्या, हिंसा, चोरी, डकैती, वेश्यावृत्ति जस्ता विकृतिहरूबाट मानिस आक्रान्त बन्न पुग्छन् ।

नेपालमा खासगरी साथीभाइको संगत, बेरोजगारी, परिवारको भूमिकामा कमी, पश्चिमा संस्कृतिको प्रभाव, लागु पदार्थको व्यापारबाट छिट्टै धनी बन्ने व्यापारीका चिन्तन आदिले नेपालमा लागु पदार्थको दुरुपयोग बढ्दो छ । विश्व स्वास्थ्य संगठनको परिभाषाअनुसार लागु औषध भनेको कुनै पनि किसिमको रासायनिक पदार्थ हो, जुन स्वस्थ शरीरका लागि प्रयोग गर्न आवश्यक छैन र यसको प्रयोगले शारीरिक कार्य तथा यसको बनावटमा परिवर्तन ल्याउन सक्छ ।

नेपालको लागु औषध नियन्त्रण ऐन, २०३३ का अनुसार लागु औषध भन्नाले गाँजा, औषधोपयोगी गाँजा, अफिम, तयारी अफिम, औषधोपयोगी अफिम, कोकाको झारपात, अफिम वा कोकाको सार तत्त्व, मिश्रण वा लवणसमेत मिलाई तयार गरिने पदार्थ र सरकारले तोकिदिएका प्राकृतिक वा कृत्रिम लागु औषध तथा मनोद्वीपक पदार्थ (साइकोट्रपिक सब्स्टान्स) र तिनको लवण तथा अन्य पदार्थ सम्झनुपर्छ ।'

नेपालमा लागु औषधको स्थितिलाई केलाउँदा पुरानो समयमा गाँजा, भाङ, धतुरो आदि चाडपर्वहरूमा साधारण मानिसहरूले र जोगी जस्ताहरूले चाडपर्वहरूमा मठ, मन्दिरमा सेवन गर्ने गर्थे भने कतिपयले बिरामी भएको अवस्थामा औषधोपचारको रूपमा समेत सेवन गर्ने प्रचलन थियो । विकसित देशहरूमा विकासको लहरसँगै आएको विकृतिहरू विगत ३० वर्षको समयमा बढ्दो बेरोजगारी, मनोविनोदका साधनहरूको उपलब्धि तथा प्रयोग, विशेषतः युवा पिँढीका बढ्दो आकांक्षाहरूबाट अशान्त मनस्थिति हुनु आदि कारणहरूले लागु औषधप्रतिको बढ्दो झुक्तान यिनै वर्षहरूमा विशेषतः पाश्चात्य देशहरूमा देखिएको र त्यसको प्रभाव हाम्रो देशमा समेत पर्न गएको देखिन्छ ।

लागु औषधिलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ३ मा लागु औषध भन्नाले गाँजा, औषधोपयोगी गाँजा अफिम, तयारी अफिम, ओषधोपयोगी अफिम, कोकाको झार र पात, तत्कालीन श्री ५ को सरकारले समयसमयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको प्राकृतिक वा कृत्रिम लागु औषध वा मनोद्वीपक पदार्थ र तीनका लवणहरू तथा अन्य पदार्थहरू समेत सम्झनुपर्छ भन्ने उल्लेख गरिएको छ । लागु औषधको दुर्व्यसनीको कथा मानिसको दुखद् अन्तको कथा हो भने लागु औषधको व्यापारको कथा मानिसको क्रुरता तथा स्वार्थीपनको उत्कृष्ट उदाहरण हो । यौन विकृति तथा बेश्यावृत्ति, परिवारभित्र अशान्ति, झैझगडा, चोरी, लुटपाट जस्ता सबै अपराधमा लागु औषधको दुर्व्यसन र दुरुपयोग सदैव अप्रत्यक्ष रूपमा सघाउ पुऱ्याइरहेको हुन्छ । लागु औषधको कारोबार गर्ने अपराधीहरूलाई समन गर्न विभिन्न देशहरूले यो समस्यालाई विभिन्न नीति निर्धारण गरी कारागारका रूपमा प्रयोग गर्न थालेका छन् । ती देशहरूमा जस्तै लागू औषधबाट उपार्जित सम्पत्ति जफत गर्ने कानुनी प्रक्रिया अपनाउन नेपालमा पनि प्रयास हुँदै आएकामा प्रभावकारी कानुनी प्रावधानको अभावमा यो उद्देश्य पूरा हुन सकेको छैन ।

लागु पदार्थलाई २ समूहमा विभाजन गर्न सकिन्छ । अवैध घोषित भएका र रोक तथा कानुनी रोक नलागेका पदार्थहरू । चुरोट, बिँडी, खैनी, रक्सी जस्ता नरम लागु पदार्थहरूलाई कानुनले यसको सेवन बन्द गरेको छैन । तर, यी पदार्थ पनि धेरै समय प्रयोग गरे दम, क्यान्सर, ब्रोङ्काइटिस जस्ता रोग उत्पन्न हुने हुँदा अर्को उस्तै हानिकारक हुन आउँछ ।



मानव जीवनका निम्ति स्वस्थ, सफल र दीर्घायु हुन ड्रग आवश्यक छ तर जब एउटा उद्देश्यका लागि निर्माण गरिएको औषधि अर्को उद्देश्यले चिकित्सकको निरीक्षण र सल्लाहबिना नै आफूखुशी प्रयोग गरिन्छ । यस प्रकारको सेवनले पीडा, थकान र दुखाइलाई कम गरी निद्रा लगाउनुका साथै शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक संरचना र क्रियात्मक पक्ष नै परिवर्तन गरिदिन्छ । यसैलाई लागु औषधि भनिन्छ ।

लागु औषध अपराध एक मानवसृजित विश्वव्यापी समस्या हो । यसले राष्ट्रको आर्थिक, सामाजिक, उत्पादनशील जनशक्तिलगायत सबै पक्षमा नकारात्मक प्रभाव पार्छ । लागु औषध दुर्व्यसन केवल आपराधिक गतिविधिसँग मात्र सम्बन्धित नभएर यो एउटा जटिल सामाजिक समस्याको रूपमा पनि देखापरिरहेको छ ।

विगतमा गाँजा, चरेस र हेरोइनको सेवनमा सीमित रहेका लागु औषध प्रयोगकर्ताहरूले सन् १९९० को दशकको सुरुवातसँगै सुईको माध्यमबाट समेत लागु औषध प्रयोग गर्न थालेका छन् । त्यसमा पनि १३ देखि १९ उमेरबीचका युवायुवतीहरू लागु औषध दुर्व्यसनमा बढी आकर्षित हुने गरेको विभिन्न अध्ययनहरूबाट थाहा हुन आएको छ । खासगरी भारतसँगको खुला सिमानाको कारणले गर्दा लागु औषधका अन्तर्राष्ट्रिय माफियाले नेपाललाई अवैध कारोबारका परिवहन विन्दुको रूपमा समेत प्रयोग गर्ने गरेको पाइन्छ । विशेषगरी तराईका जिल्लाहरूमा अवैध गाँजा तथा अफिम खेती गर्ने प्रवृत्ति बढ्दै गएको छ भने लागु औषध तथा मनोद्वीपक पदार्थहरूको अवैध बेचबिखन तथा ओसारपसारका कारण हाम्रा सामु बग्रेल्ती चुनौतीहरू देखिएका छन् ।

लागु औषध दुर्व्यसनरहित स्वस्थ र समुन्नत समाजको प्राप्तिका लागि लागु औषध नियन्त्रण राष्ट्रिय नीति, २०६३ लागु भइसकेको छ । लागु पदार्थको अवैध ओसारपसार, कारोबार एवं आपूर्तिमा कडाइका साथ नियन्त्रण गरी यससँग सम्बन्धित अपराधमा कमी ल्याउन विभिन्न नियन्त्रणमुखी कार्यक्रमहरू संचालन गर्नु पनि उत्तिकै जरुरी छ । यसैगरी लागु पदार्थको अवैध खेती एवं ओसारपसारलाई निरुत्साहित गर्न विभिन्न दबाबमूलक कार्यक्रमका साथै सोसँग सम्बन्धित सचेतनामूलक कार्यक्रमलाई प्रभावकारी तुल्याउनु आवश्यक देखिन्छ ।

अतः लागु औषधको प्रयोगबाट जोखिममा परेका समूहहरूको पहिचान गरी त्यस्ता समूह लक्षित समुदायमा आधारित विभिन्न कार्यक्रमहरू संचालन गरी लागू पदार्थको माग घटाउ अभियानलाई थप प्रभावकारी बनाउनु जरुरी छ ।

नेपालमा लागु औषध दुरुपयोग नियन्त्रणका लागि खासगरी गृह मन्त्रालय क्रियाशील रहेको छ । यस क्रममा मन्त्रालयमार्फत लागु औषध दुरुपयोगको माग घटाऊ कार्यक्रम, आपूर्ति नियन्त्रण अभियान र क्षति न्यूनीकरणका कार्यक्रमहरू निरन्तर रूपमा संचालन भइरहेका छन् ।

नेपालमा लागु पदार्थ दुर्व्यसनीका कारणहरू

बेरोजगारी पारिवारिक बिछोड तथा आवश्यक माया ममताको अभावमा हीनताबोध भई कतिपय युवा युवतीहरू यस्तो कुलतमा परेका पाइएको छ । लागु पदार्थको सेवन तथा कारोबार नियन्त्रणका लागि सरकारले दबाबका कारणले नियन्त्रणका उपायहरू प्रभावकारी हुन सकेका छैनन् र अरू संरक्षण पाइरहेका छन् । मानिसलाई विभिन्न किसिमका आर्थिक, पारिवारिक सामाजिक संकटहरू आइपर्छन् । यस्ता संकटले तनावको अवस्था निम्त्याउँछन् । उनीहरू तनावबाट मुक्त हुन नशालु पदार्थको सेवनतर्फ हुँदै क्रमशः कुलततर्फ जान्छन् ।

कतिपय युवा युवतीहरू बढी महत्त्वाकांक्षी हुन्छन् । उनीहरू लक्ष्यमा पुग्न नसक्ने अवस्थामा तनावयुक्त हुन्छन् । यस्तो तनावबाट मुक्त हुन लागु पदार्थको सेवन आवश्यक हुन्छ भन्ने गलत सोचाइ भएको पाइन्छ । त्यस्तै, ठूलो मानिसको सिको गर्न खोज्दा, उत्सुकताको कारणले, अज्ञानतावश, अधिकार खोज्न, अधिकारका लागि शरीरलाई सुरो तुल्याउन, समाजको पुरातन धारणा नमान्न लागु पदार्थ लिएर सुरक्षित रहने महसुस गरी विद्रोह गर्नु आदि कारणले पनि मानिसहरूले लागु पदार्थ सेवनतर्फ लागेको पाइन्छ । धेरैजसो लागु औषध प्रयोगको सुरुवात विद्यालय वा क्याम्पसबाट हुने गरेको पाइन्छ ।

नशा प्रयोगकर्ताको सम्पूर्ण ध्यान नशा प्राप्तितिर गएजस्तै परिवारका सदस्यहरूको सम्पूर्ण ध्यान उसप्रति गएको हुन्छ । ऊ व्यक्ति बिहान उठेदेखि बेलुका घर नफर्केसम्म सबैको ध्यान उसैप्रति हुन्छ, जसले गर्दा उनीहरूले आफ्नो आवश्यकताप्रति ध्यान दिन बिर्सिन्छन् । बिस्तारै उनीहरूको जीवन पनि प्रयोगकर्ताको जीवनसँग मेल खाने खालको हुँदै जान्छ ।

विश्व स्वास्थ्य संगठनले 'रक्सी र लागु पदार्थ निर्भरता एक रोग हो' भनेर वर्णन गरिसक्दा पनि दुर्व्ययसनी महिलाहरू घरका कोठाभित्र र गल्लीहरूभित्र आफूलाई लुकाउँदै बसिरहेको अवस्था छ । पुरुषहरूको उपचार केन्द्रको तुलनामा महिला उपचार केन्द्र त झनै न्यून छन् । उनीहरूलाई उपचार केन्द्रमा नल्याउनु तथा नजानु त छँदै छ, उपचार गर्न जान चाहने महिलाहरूलाई पनि देशका मुख्य शहरहरूमा उपचार केन्द्र नहुँदा र उपचार हुन्छ भन्ने अज्ञानताको कारणले गर्दा अकालमै ज्यान गुमाउन विवश छन् ।

नेपालमै सबैभन्दा बढी ३४ प्रतिशत गरिबी झेलिरहेको सुदूरपश्चिम प्रदेशमा पछिल्लो समय लागु औषधको दुष्प्रभाव फैलिएको छ । यहाँको ३४ प्रतिशत जनसंख्याले न्यूनतम मापदण्डअनुसार खान, लगाउन नपाउने, मनोरंजनका क्रियाकलापमा पहुँच पुग्न नसकेको बेला दक्ष जनशक्ति मानिएका युवा भने लागु औषधको दुष्प्रभावमा फस्न थालेका छन् ।

लागु औषध बहुसरोकारको विषय हो । यसका बहुआयामिक असर र प्रभावहरू हुने गरेका सन्दर्भमा सरकारका विभिन्न तहहरू तथा अन्य क्षेत्रले पर्याप्त सहकार्य र साझेदारी गरेर अगाडि बढ्न सके मात्र यस समस्यासँग जुध्न सकिन्छ । लागु औषधको रोकथाम तथा नियन्त्रणका लागि मूलभूत रूपमा तीनै तहका सरकारहरू मिलेर काम गर्न आवश्यक हुन्छ । लागु औषधको उत्पादन, प्रयोग, ओसारपसार रोक्न सुरक्षा निकायहरूमार्फत अनुगमन बढाउनुपर्ने, प्रदेश र स्थानीय तहहरूसँग पर्याप्त समन्वय बढाउनुपर्ने, लागु औषधलाई सबै क्षेत्रगत नीति र कार्यक्रमसँग आबद्धता गर्ने, सचेतना र रोकथामका प्रयासहरू बढाउने, पूर्व लागु औषध प्रयोगकर्तालाई परिचालन गर्नुपर्ने देखिन्छ ।

औषधि व्यवसायीहरूले पनि नियन्त्रित औषधिको जथाभावी विक्री नगर्ने, मान्यताप्राप्त चिकित्सकको सल्लाहअनुसार मात्र औषधि विक्री गर्ने, विक्री गरेको औषधिको व्यवस्थित अभिलेख राख्ने काम गर्न सक्छन् । त्यस्तै, उपचार तथा पुनर्स्थापना केन्द्रहरूले उपयुक्त उपचार पद्दतिलाई अवलम्बन गर्ने, आफू रहेको क्षेत्रमा लागु औषधसम्बन्धी सचेतनामूलक तथा रचनात्मक कार्यहरू गर्दा यसलाई न्यूनीकरण गर्न सहज हुने देखिन्छ ।

## सामाजिक सञ्जाल



- केपी ढुंगाना

देश बेच्न खोजे, महानगर विक्रीमा छैन रे ! घर बेच्न खोजे पनि कोठा विक्रीमा छैन पाराको तोर्पे गफ । 'आशाको दियो'को पारा । थैट् !! सतीले चैं हैन मतिले सरापेको देश हो भन्ने पक्का ।



- रूपेश श्रेष्ठ

'म ठग साबित भएँ भने राजनीति नै छोडिदिन्छु ।' यस्तो तर्कलाई एपिएल टु कन्सिक्वेन्स फ्यालेसी भनिन्छ । यसले मूल विषय (ठग हो वा होइन)को सत्यलाई सम्बोधन गर्दैन । यो तर्कले भावनात्मक प्रभाव पार्न सक्छ तर यो तार्किक रूपमा गलत हो किनभने सत्य तथ्यमा आधारित हुनुपर्छ, नकि परिणाममा ।



- मुमाराम खनाल

पहिलो, कसैले बेच्दैन । दोस्रो, कसैको बेच्ने नै मनशाय रहेछ भने पनि यो पत्रु मुलुकका हामी भेडाहरूलाई बेहोर्नको लागि कसैले किन्दैन । ढुक्क भएर बसौं ।



- किशोर नेपाल

थाहा छैन, यो देश बेच्ने कुरा कहाँबाट आयो ? देशका सम्भ्रान्त वर्गको हातमा देशको ताला-चाबी दुवै छ । सामाजिक संजाल र स्मार्ट फोन उनकै हातमा छ । उनकै हरुवा-चरुवाले कमान सम्हालेका छन् । तैपनि, सम्भ्रान्त वर्गका सन्तानहरू वातानुकूलित कोठामा बसेर सधैं देश बर्बाद भएको, देश बेचिन लागेको कथा सुनाउँछन् । यस्ता कथा कथेर के गर्न खोजिएको होला ?

# युगकवि सिद्धिचरण बुझाउने कृति


समीक्षा



● शिवकुमार श्रेष्ठ (शिवांसु)

नेपाली साहित्यमा थप एउटा इट्टा थपी धनी बनाउन लाग्नुभएका साहित्यकार, समीक्षक तथा समालोचक स्वयम्भूं शाक्यका कालजयी अजर अमर कृतिका रूपमा समीक्षा गरिएको निबन्धले भरिएको पुस्तक क्रान्तिका अग्रदूत युगकवि सिद्धिचरण सार्वजनिक भएको छ । युगकवि सिद्धिचरण श्रेष्ठका विभिन्न खण्डकाव्य र कविताहरूको बडो राम्रो ढंगले प्रस्तुत गर्नुले लेखकको कार्य कौशल दर्शाउँछ ।

पुस्तक सरल, मृदुभाषा र सरर बगेको र जोसुकैले सजिलै पढ्न र बुझ्न सक्ने प्रकारको छ । यसमा साहित्यकारको पौरखी हात र कलमको अद्वितीय क्षमता प्रदर्शन भएको अनुभूति गर्न सकिन्छ । यस पुस्तक पढ्दा आफैँलाई हराएको अनुभूति हुन्छ । यस कृतिमा खण्ड क र ख गरी दुई खण्डमा सिद्धिचरणका अमर कृतिका खण्डहरू उल्लेख र विवेचना गरिएको छ । खण्ड कको 'अछूत' कविता 'के ल्यायौ यो आफ्नो भाइ बहिनी कुनै पनि नछुवाई... कसरी मेरो मन्दिर पस्छौ थुनेर ढोका अरूलाई' साह्रै मार्मिक ढंगले समीक्षा प्रस्तुत गर्नुभएको छ । त्यस्तै, ' कवि देवकोटालाई' कविता पनि मन छुने र हृदय विदारक छ । पहिलो खण्डमा ६४ वटा निवन्धहरू छन् भने दोस्रो खण्डमा ५ वटा निबन्ध छन् । त्यसमध्ये सिद्धिचरण र जुनकिरीमा प्रियसीको स्मृतिमा हराएका कवि सिद्धिचरणका कविता 'यो भेटमा छ कति मार्मिक दिव्य ज्ञान ... बिर्को मिलेर अब जीवन भो अमूल्य संसारको अधिक दुर्लभ वस्तुतुल्य ।' आदि विषयमा समीक्षा गरी लेखिएको कृति पठनीय छ ।




पुस्तक प्रकाशक सुन्दर स्वदेश पब्लिकेसन काठमाडौंले बजारमा ल्याएको हो । यस पुस्तकमा ५४० पृष्ठमा समीक्षा समावेश छन् भने बजार मूल्य १ हजार रुपैयाँ छ । यस पुस्तकमाथि युगकवि सिद्धिचरण प्रतिष्ठानका अध्यक्ष बैरागी काइँलाले मन्तव्य जाहेर गरेका छन् । पुस्तकको ऐतिहासिक महत्त्वबारे युगकविद्वारा रचित सिर्जनाका अध्येयता डा. फणीन्द्रराज निरौलाले पुस्तकमाथि प्रकाश पार्नुका साथै टिप्पणी गर्दै प्रस्तुत कृति युगकविका प्रतिनिधि रचनाहरू अध्ययन गरिएको सुन्दर कृति हो भनेका छन् । त्यसैगरी युगकवि सिद्धिचरण प्रतिष्ठानका संरक्षक रविचरण श्रेष्ठले युगकवि सिद्धिगरणका केही कविता र खण्डकाव्यहरूको विषयमा चिन्तन र विवेचना गरी ल्याएको कृति एउटा ऐतिहासिक दस्तावेजको रूपमा रहने बताएका छन् ।

पुस्तक लेख्न लेखकलाई २ वर्ष कठिन परिश्रम र मिहिनेत लागेको साथै लगनशील भई कलम चलाएको फल स्वरूप तयार भएको लेखक बताउँछन् । मनै पगाल्ने र पुस्तक लिई पढ्न थालेपछि एकाग्र भई पढ्न मन लाग्ने शैलीमा समीक्षा लेखिएको छ ।

अन्त्यमा, लेखक स्वयम्भू शाक्यको सुस्वास्थ्य, दीर्घायुको कामना गर्दै आगामी दिनमा अझै नेपाली साहित्यमा कलम चलाउने जाँगर चलोस् र अझै निखार आओस् भन्दै हार्दिक शुभकामना ! 'क्रान्तिका अग्रदूत युगकवि सिद्धिचरण' कृति सधैं अजर अमर रहोस् ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | विनम्रतासित कार्य गर्न राम्रो हुन्छ । सन्तान सुखमा वृद्धि हुन्छ । |
| वृष | : | धार्मिक कार्यमा सहभागी हुने तथा विवाद हुने योग छ । |
| मिथुन | : | अचल सम्पत्तिमा वृद्धि हुनेछ । नाता गोतासित भेट हुनेछ । |
| कर्कट | : | प्रतिष्ठामा वृद्धि हुन्छ । राम्रो आय प्राप्त हुन्छ । |
| सिंह | : | शत्रु कमजोर हुन्छन् । वाणीमा संयम र धैर्य जरुरी छ । |
| कन्या | : | स्वास्थ्यलाभ हुन्छ । विद्यार्थीहरूको कार्यमा प्रगति हुने योग छ । |
| तुला | : | सबै कार्यमा सावधानी राख्नुपर्छ । विशेष कामले यात्रा हुन सक्छ । |
| वृश्चिक | : | मुद्दा जित्ने योग छ । जनसम्पर्कमा वृद्धि हुन्छ । |
| धनु | : | यश र प्रभाव बढने छ । धैर्य राखेर मात्र सफलता मिल्छ । |
| मकर | : | कुनै पनि कार्यमा हतार गर्नु हुँदैन । सोचेको काम पूरा हुने छ । |
| कुम्भ | : | पराक्रममा वृद्धि हुन्छ । धन प्राप्ति हुन्छ । |
| मीन | : | कार्यहरूमा अनुकूल प्रगति हुनेछ । जिद्दी नगर्नु होला । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# भारतीय अस्पतालमा आगलागी, १० नवजात शिशुको मृत्यु



**काठमाडौं/एजेन्सी–** भारतीय अस्पतालमा आगलागी हुँदा दश जना नवजात शिशुको मृत्यु हुनुका साथै अन्य १६ शिशुको अवस्था गम्भीर रहेको अधिकारीहरूले शनिबार बताएका छन् । अधिकारीका अनुसार शुक्रबार राति करिब साढे १० बजे झाँसीको महारानी लक्ष्मीबाई मेडिकल कलेजको एनआईसियुमा आगलागी भएको थियो ।

घटनास्थलको फुटेजमा वार्डभित्र जलेको विस्तरा तथा पर्खालहरू देखिएका थिए भने आक्रोशित परिवारहरू अस्पताल बाहिर पर्खिरहेका थिए । यसैगरी आगलागीबाट उद्धार गरिएका बच्चाहरूलाई सुरक्षित ठाउँमा राखिएको थियो ।


आगलागीको घटनामा १० जना शिशुको दुःखद मृत्यु भएको उत्तर प्रदेशका उपमुख्यमन्त्री ब्रजेश पाठकले पत्रकारहरूलाई बताएका छन् । उनका अनुसार सात वटा शवको पहिचान भइसकेको छ भने तीन वटा शवको अहिलेसम्म पहिचान हुन सकेको छैन ।

आगलागीका कारणबारे अनुसन्धान गरी जिम्मेवारहरूविरुद्ध कडा कारबाही गरिने पाठकले जनाएका छन् । प्रमुख जिल्ला अधिकारी अविनाश कुमारले युनिटमा विद्युतीय सर्टसर्किटका कारण आगलागी भएको बताएका छन् ।

गम्भीर घाइतेहरूलाई चिकित्सा सेवा प्रदान गरिरहेको प्रमुख जिल्ला अधिकारी अविनाश कुमारलाई उद्धृत गरी हिन्दुस्तान टाइम्सले जनाएको छ । स्थानीय सञ्चारमाध्यमले अधिकारीहरूलाई उद्धृत गर्दै वातावरणमा अक्सिजनको स्तर बढाउन प्रयोग गरिने मेसिनरीको टुक्रामा आगलागी भएको जनाएका छन् ।

प्रधानमन्त्री नरेन्द्र मोदीले सामाजिक सञ्जाल एक्समार्फत बालबालिकाको मृत्युलाई ‘हृदयविदारक’ घटना भन्दै निर्दोष सन्तान गुमाउनेहरूप्रति समवेदना व्यक्त गरेका छन् । उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले शोकाकुल परिवारलाई पाँच लाख रुपैयाँ क्षतिपूर्ति दिने घोषणा गर्दै सम्बन्धित अधिकारीहरूलाई राहत र उद्धार कार्य गर्न निर्देशन दिएका छन् ।

# इजरायली निकासी आदेशपछि दक्षिण बेरुतमा पुनः आक्रमण



**काठमाडौं/एजेन्सी–** इजरायली सेनाले निकासी आदेश जारी गरेको केही समयपछि लेबनानको राजधानी बेरुतको दक्षिणी उपनगरमा शनिबार पुनः आक्रमण भएको एएफपिटिभीले जनाएको छ ।

इजरायलले हिजबुल्लाहको गढ रहेको सहरको दक्षिणी उपनगरहरूमा मंगलबारदेखि निरन्तर आक्रमण गरेको जनाउदै एएफपिटिभीले शनिबार बिहान उक्त क्षेत्रका भवनहरूबाट धुवाँ उडेको देखाइएको छ ।

आक्रमणको केही समयअघि, इजरायली सेनाका प्रवक्ता अविचाय अद्राईले सामाजिक सञ्जाल एक्सको पोष्टमा हारेट ह्रीक उपनगरका बासिन्दाहरूलाई उक्त क्षेत्र खाली गर्न आह्वान गरेका थिए ।

पोष्टमा अरबी भाषामा ‘तपाईं हिजबुल्लाहका सुविधाहरू नजिक हुनुहुन्छ, यसको बिरुद्ध इजरायली सेनाले सिग्र आक्रमण गर्नेछ’, भन्दै कम्तीमा पाँच सय मिटर टाढा जान आग्रह गरिएको थियो ।


लेबनानको राष्ट्रिय समाचार एजेन्सी (एनएनए)ले इजरायलले तीन वटा हवाई आक्रमण गरेको र हारेट ह्रीक नजिकै भएको आक्रमणले त्यस क्षेत्रका भवनहरू ध्वस्त पारेको जनाएको छ ।

पछिल्लो समयमा दक्षिण बेरुतमा भएको बारम्बारको इजरायली हवाई आक्रमणले यस क्षेत्रबाट नागरिकहरूको ठूलो पलायन निम्त्याएको छ । दक्षिणी लेबनानमा, इजरायलले शुक्रबार राति र शनिबार बिहान धेरै आक्रमणहरू गरेको एनएनएले जनाएको छ ।

यसैगरी हिजबुल्लाहले रातारात, उत्तरी इजरायलमा सेनाको मुख्यालयलाई लक्षित गरी दुई वटा रकेट आक्रमण गरेको दाबी गरेको छ । गत सेप्टेम्बर-२३ देखि, इजरायलले लेबनानमा हवाई आक्रमण बढाएको छ भने हिजबुल्लाहले स्थलगत सेना तैथान गरेको छ ।

लेबनानी अधिकारीहरूका अनुसार गत वर्षको अक्टोबरमा हिजबुल्लाह र इजरायल विच आक्रमण सुरु भए देखि तीन हजार ४४० भन्दा बढी मानिसहरूको मृत्यु भएको छ । द्वन्द्वले लेबनानमा पाँच अर्ब डलरभन्दा बढी आर्थिक नोक्सान पुऱ्याउनुका साथै संरचनात्मक क्षति अर्बौं भन्दा बढी भएको विश्व बैंकले जनाएको छ ।

# रुसद्वारा अमेरिकामा युरेनियम निर्यात प्रतिबन्ध



**काठमाडौं/एजेन्सी–** रुसले संयुक्त राज्य अमेरिकामा युरेनियम निर्यातमा अस्थायी प्रतिबन्ध लगाएको रुसी सरकारले जनाएको छ । स्रोतका अनुसार प्रतिबन्धहरू अमेरिकामा निर्यात तथा अमेरिकी क्षेत्राधिकारमा दर्ता भएका संस्थाहरूसँग विदेशी व्यापार सम्झौताअन्तर्गत लागू हुने छन् । प्राविधिक र निर्यात नियन्त्रणको लागि संघीय सेवाले जारी गरेको इजाजतपत्र अन्तर्गत वितरण गर्न अनुमति दिइने छ ।

प्रतिबन्धले युरेनियमको लागि रुसमा निर्भर अमेरिकाको आणविक उर्जा आपूर्तिमा अभाव खडा गर्ने आंकलन गरिएको छ । अमेरिकी राष्ट्रपति जो बाइडेनले गत मे महिनामा हस्ताक्षर गरेको सन् २०४० सम्म रुसी युरेनियम आयातमा प्रतिबन्ध लगाउने अमेरिकी कानुनपछि यो कदम चालेको जनाइएको छ ।

अमेरिकी तथ्यांकअनुसार यस वर्ष रुसी युरेनियमको कूल खरिद ५७४ मिलियन डलर पुगेको छ, जुन अघिल्लो वर्षको तुलनामा लगभग ३२ प्रतिशतले कम हो ।

# डढेलोको खतराका कारण अस्ट्रेलियामा शहरहरू खाली गर्न आदेश



**काठमाडौं/एजेन्सी–** दक्षिणपूर्वी अस्ट्रेलियाली शहरका बासिन्दाहरूलाई सम्भावित डढेलो (बुशफायर)को जोखिमका कारण वासस्थान खाली गर्न आदेश दिइएको छ । दक्षिणपूर्वी राज्य भिक्टोरियाका अधिकारीहरूले शनिबार अष्ट्रेलियाका पश्चिमी र दक्षिणपश्चिमी समुदायहरूका लागि आपत्कालीन चेतावनी जारी गरेका छन् ।

अधिकारीहरूले चेतावनीमा जोखिम न्यूनीकरणको सुरक्षित विकल्प निकासी भएको उल्लेख गर्दै अवस्था धेरै बिग्रन सक्ने र यही बसेमा आपत्कालीन सेवासमेत प्रवाह गर्न नसक्ने तथा गम्भीर चोटपटकसहित मृत्युको जोखिम हुन सक्ने जनाएका छन् ।

मौसम विज्ञान विभागले शनिबार दक्षिणी र पूर्वी अस्ट्रेलियाका धेरै भागमा विनाशकारी आगलागीको खतरा रहेको पूर्वानुमान गरेको छ । मेलबर्नबाट करिब एक सय किलोमिटर पश्चिममा रहेको सानो भिक्टोरियन शहर डेरेलमा लागेको आगोसँग लड्न २० वटा भन्दा बढी फायर ट्रकहरू तैनाथ गरिएको जनाइएको छ ।

अधिकारीहरूले शनिबार उत्तर पश्चिम भिक्टोरियामा आगो पूर्ण प्रतिबन्धको घोषणा गरी मुलुकभर सतर्कता अपनाउन सल्लाह दिएका छन् । भिक्टोरियाको धेरै भागमा भने भारी वर्षाको पूर्वानुमानका साथ आइतबार अवस्था सहज हुने अपेक्षा गरिएको छ ।

## साउदीमा रोजगार

कम्पनी: BRANCH OF DAR AL ESNAD COMPANY FOR FOODS SERVICE शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०७/३० चलानी नं.: ६०२२८११४ L.T. No.: 313710

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 24 | 0 | स. काममा दक्ष | 1000 | ३५,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ९ गते (24 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**अल रायन इन्टरप्राइजेज प्रा. लि.**
श्रम इजाजत नं. ४१६/०६०/०६१
सिनामंगल, तिलगंगा रोड नं ०३, काठमाडौं, नेपाल, फोन:०१-४४१२१७१
मो: ९८५१०६०१८५, Email: alryanktm@gmail.com

## साउदीमा रोजगार

कम्पनी : DHAT AL KAIMAN COMPANY FOR DATES शहर : Julfi
पूर्व स्वीकृत मितिः २०८१/०७/३० चलानी नं.: ६०२२८११३ L.T. No.: 313724

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MUZNA MOHAMMAD IBRAHIM AL MOHAIMEED CENTRAL MARKET शहर : Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८१/०७/३० चलानी नं.: ६०२२८११२ L.T. No.: 313725

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | On and Off Loading Labor | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SARAH DAGHIM RASHID AL SHATHILI TRADING EST शहर : Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८१/०७/३० चलानी नं.: ६०२२८१११ L.T. No.: 313726

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Cleaning Labour | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BAREZ AL JANUB COMPANY FOR OPERATION & MAINTENANCE शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०५/१८ चलानी नं.: ६०२२४६८४ L.T. No.: 309984 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ मंसिर ९ गते (24 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रु. २८१२ कामदारले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | १०,००० कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Fast Employment Service (P.) Ltd.**
Gov. Lic No. 1399/074/075
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com

## युएईमा रोजगार

कम्पनी: DECAGON SCAFFOLDING CO. LLC शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०८१/०७/२९ चलानी नं.: ६०२२८०२१ L.T. No.: 313675

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 39 | 0 | स. काममा दक्ष | 1200 | ४४,०१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ मंसिर ९ गते (24 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**प्रोटेक नेपाल इम्प्लोइमेन्ट प्रा. लि.**
गोंगबु-६, काठमाडौं, नेपाल, फोन: ५९०६९२३, ५९०४९५१, Email : cv.protechnepal@gmail.com
Contact No:9840006120, 9851052907
श्रम इजाजत नं. ७९०/०६५/०६६

## बहराइनमा रोजगार

कम्पनी: MIRZA AL HELLI AND SONS BSC CLOSED शहर: Al DAIH
पूर्व स्वीकृत मितिः २०८१/०७/३० चलानी नं.: ६०२२८१०७ L.T. No.: 313756

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 100 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ३५,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Worker Packing | 100 | 0 | | 100 | ३५,८१० | | | | | | | |

**अन्तर्वार्ता दियो महल आनन्दमार्ग धुम्बाराहीमा २०८१ मंसिर ९ गते (24 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**टि. जि. एल. नेपाल प्रा. लि.**
बसुन्धारा, काठमाडौं, (नापी कार्यालय अगाडी), फोन: ५९०६२५२ फ्याक्स: ५९०६२५३
श्रम इजाजत नं. ८५३/०६६/०६७

## साउदीमा रोजगार

कम्पनी: Company KHEDMAT GHORF For Maintenance & Cleaning शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०७/३० चलानी नं.: ६०२२८०५७ L.T. No.: 313768

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३५,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ९ गते (24 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Synnet International Pvt.ltd.**
Kupondol-10, Lalitpur, Tel: 01-5545018
Gov. Lic No. 206/057/058

## कतारमा रोजगार

कम्पनी : CK TRADING CONTRACTING AND SERVICES शहर: Doha
पूर्व स्वीकृत मितिः २०८१/०७/३० चलानी नं.: ६०२२८०८३ LT. No.: 313773

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 1 | 0 | सम्बन्धित काममा दक्ष | 3600 | १३३,०५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1800 | ६६,५२८ | | | | | | | |
| 3. | Driver Heavy Vehicle | 1 | 0 | | 2000 | ७३,९२० | | | | | | | |
| 4. | Helper | 2 | 0 | | 1000 | ३६,९६० | | | | | | | |
| 5. | Receptionist | 0 | 1 | | 1100 | ४०,६५६ | | | | | | | |
| 6. | Sales Specialist | 0 | 1 | | 1500 | ५५,४४० | | | | | | | |
| 7. | Salesman Fresh | 2 | 0 | | 1500 | ५५,४४० | | | | | | | |
| 8. | Supervisor | 2 | 0 | | 2500 | ९२,४०० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ मंसिर १०, ११ र १२ गते (25, 26 & 27 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ब्लुमुन ओभरसिज नेपाल प्रा. लि.**
चाबहिल- ७, काठमाडौं, फोन: ४५८८१३६, Email- bluemoonoverseas312@gmail.com
श्रम इजाजत पत्र नं. ३१२/०५९/०६०

## साउदीमा रोजगार

कम्पनी: Mohammed Khalid Abdullah Aldukhayyil Contracting Est. शहर : Dammam
पूर्व स्वीकृत मितिः २०८१/०६/२२ चलानी नं.: ६०२२७७१२ LT. No.: 313254

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: FUTURE COMING GENERAL CONTRACTING ESTABLISHMENT शहर : Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८१/०६/२९ चलानी नं.: ६०२२८०६६ LT. No.: 313716

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 10 | 0 | स. काममा दक्ष | 1000 | ३५,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ मंसिर ९ गते (24 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**सुगम ओभरसिज प्रा. लि.**
इजाजत पत्र नं. ८३८/०६६/०६७
सामाखुसी (रिङ्गरोड), काठमाडौं, फोन: ४९८६१०६, ४९८७१८३, मो: ९८४१५९६५१३, ९८१३४९२७५५
Email: info.sugam@gmail.com | Web: www.sugamoverseas.cm

Government of Sudurpaschim Province
**Ministry of Social Development**
**Directorate of Education Development**
## Social Development Office, Darchula

## Invitation for Electronic Bids

**Invitation for Bids No: SDO/NCB/Works/2081-82/01**
**First Date of publication: 2081/08/02 (2024 November, 17)**

1. Social Development Office, Darchula invites electronic bids through eGP-System from Nepalese eligible bidders for the following works at Marma Rural Municipality, 04, Madbagad, Darchula under National Competitive Bidding procedures.

| Contract No. | Works Description | Last date & time of Bid Submission | Bid Opening Date & Time | Bid Document Fee | Bid Validity | Bid Security and Validity | Estimated Amount |
|---|---|---|---|---|---|---|---|
| SDO/NCB/ Works /2081-82/01 | Field Construction of Madbagad Khelmaidan at Marma Rural Municipality, 04, Madbagad Darchula | 2081 Poush 02, 12:00 Hr 2024 December, 17 | 2081 Poush 02, 14:00 Hr 2024 December, 17 | NRs. 3000.00 | 90 Day | NRs. 75,000 Valid 120 Day | NRs. 29,92,614.52 (Exclusive VAT and Contingencies) |

2. Bank Details for Bid Document fee: - Bank: Rastriya Banijya Bank Ltd., Khalanga, Darchula Barnch, Office: Social Development Office Darchula, Office Code no.: 3500173027, Account no.: 1000200010000, Rajaswa (revenue) Shirshak no.: 14229 and For Bid Security: - Account Name: Pradesh Lekha Niyantrak Office Darchula Dharauti Account No: 4090100202030000
3. Eligible Bidders bids through www.bolpatra.gov.np/egp system and for more details, please visit PPMO website www.bolpatra.gov.np/egp or the office of Social Development Office, Darchula, Email: sdo.darchula@gmail.com Phone no.: 9867264272, 9858775458

**Office Chief**

# बक्स अफिस समाचार

## 'पूर्णबहादुरको सारंगी'को व्यापार ३० करोड पार



**काठमाडौं/मस–** चलचित्र 'पूर्णबहादुरको सारंगी'ले देशभर हाउसफुल व्यापार गरिरहेको छ । शनिबार पनि देशभरका अधिकांश शोहरू हाउसफुल थिए । लक्ष्मीपूजालाई लक्षित गर्दै गत कात्तिक १५ गतेदेखि प्रदर्शनमा आएको यो चलचित्र १६औं दिनसम्म आइपुग्दा नेपालमा सर्वाधिक कमाउने चलचित्र बनेको छ ।

चलचित्रले प्रदर्शनको १५औं दिन पार गर्दा करिब ३० करोड रुपैयाँ ग्रस कलेक्सन गरेको निर्माता विनोद पौडेलले जानकारी दिएका छन् । एकै दिनमा सर्वाधिक कमाउने नेपाली सिनेमा समेत बन्न सफल भएको 'पूर्णबहादुरको सारंगी'ले सर्वाधिक कलेक्सनको रूपमा मात्र इतिहास रचेन, सर्वाधिक शो पाउने फिल्मको रेकर्डसमेत राख्यो । अहिले पनि मुलुकभर कम्तीमा ३५० भन्दा धेरै शो यो चलचित्रको कब्जामा छन् ।

यस्तै, 'पूर्णबहादुरको सारंगी'ले नेपालमा मात्र नभई ओभरसिज मार्केटमा पनि नयाँनयाँ रेकर्ड बनाएको छ । विदेशी बजारमा एक हप्तामा सबैभन्दा धेरै ग्रस कलेक्सन गर्ने नेपाली चलचित्रको रेकर्ड 'पूर्णबहादुरको सारंगी'को नाममा आएको छ । साथै, 'पूर्णबहादुरको सारंगी' ओभरसिज मार्केटमा सबैभन्दा धेरै शो पाउने चलचित्र बनेको छ ।

उनले भने, 'हाम्रो गाउँघरको मौलिक कथालाई नेपालसँगै विश्वभर दर्शकले दिनुभएको मायालाई धन्यवाद भन्ने शब्द हामीसँग छैन । यस चलचित्रमार्फत हामीले विदेशी चलचित्रसँग डराउनुपर्ने प्रवृत्तिलाई पनि अन्त्य गरेका छौं । नेपाली दर्शकसम्म जानकारी पुगेमा नेपाली चलचित्रलाई नै माया गर्नुहुन्छ भन्ने प्रमाणित भएको छ ।'

नेपालभर चलचित्र हेर्ने दर्शकको चाप उस्तै भएपछि निर्माण समूह मोफसल भ्रमणमा समेत निस्किएको छ । 'पूर्णबहादुरको सारंगी' टिम चलचित्रको प्रचारका लागि नभएर मुख्य शहरहरूका विभिन्न हलमा पुगेर सिनेमालाई मनपराइदिएको र सपोर्ट गरिदिएकामा धन्यवाद दिन मोफसलका हलहलमा पुगिरहेको छ । यो भ्रमणमा निर्माताहरूसँगै अभिनेता विजय बराल, अभिनेत्री अञ्जना बराइलीलगायत छन् । यही भ्रमणका क्रममा निर्माण कम्पनी सेभेन सिज सिनेमाले ग्रस कलेक्सनको 'फेक रिपोर्ट' दिएको देखेपछि मोफसलका १९ वटा हलमा 'पूर्णबहादुरको सारंगी' शनिबारबाट प्रदर्शनमा नआउने निर्णय गरेको छ ।

हाउसफुल अकुपेन्सीमा चलचित्र प्रदर्शन भए पनि हलहरूले निर्माण पक्षलाई निकै कम ग्रस कलेक्सनको रिपोर्ट उपलब्ध गराएको भन्दै निर्माण कम्पनीले शुक्रबार साँझ विज्ञप्ति जारी गर्दै अरुण हल विराटनगर, निलम सिनेमाज जनकपुर, विना हल लालबन्दी, गोरखा हल गोरखा, बर्दिवास हल बर्दिवास, विराटचोक हल मोरङ, सी.बी. हल इनरुवा, दीपक हल बरहथवा, हिमालय हल विराटनगर, चरिकोट हल दोलखा, एभरेष्ट हल राजगढ, धनकुटा हल धनकुटा, फिदिम हल पाँचथर, त्रिशूली हल नुवाकोट, इलाम हल इलाम, लवकुश हल महेन्द्रनगर, त्रिमूर्ति हल र गिरिराज हल जनकपुरमा शनिबारदेखि चलचित्र प्रदर्शन नहुने जनाएको छ ।

सरोज पौडेलको निर्देशनमा बनेको चलचित्रमा विजय बराल मुख्य भूमिकामा छन् । प्रकाश सपुत, अञ्जना बराइली, मुकुन भुसाल, बुद्धि तामाङ, भोलाराज सापकोटालगायत कलाकार चलचित्रको मुख्य भूमिकामा छन् ।

चलचित्रमा संवाद महेश दवाडीले लेखेका छन् । सेभेन सिज सिनेमा र बाँसुरी फिल्म्सको प्रस्तुति रहेको सिनेमाका निर्माता विनोद पौडेल र प्याट्रिक सुवेदी हुन् । कार्यकारी निर्मातामा रमेश चौलागाईं, हरि श्रेष्ठ र रमेश ढकाल छन् ।

## रोमान्टिक आकाश र करुणा




**काठमाडौं/मस–** गायक प्रमोद खरेलको स्वर रहेको 'बेग्लै खुसी' बोलको म्युजिक भिडियो ओएसआर डिजिटल युट्युब च्यानलमार्फत सार्वजनिक भएको छ । प्रेमिल शैलीको यस गीतमा रवि के. अधिकारीका शब्दहरूलाई राजेन्द्र वाइवा तामाङले संगीतबद्ध गरेका छन् । गीतको मिक्सिङ र मास्टरिङ महेश्वरमान राजभण्डारीले गरेका हुन् ।

भिडियोलाई आकर्षक बनाउन मेकअपमा समारा जोशी र क्यामेरामा दिनेश पराजुलीले साथ दिएका छन् । भिडियोमा करुणा श्रेष्ठ र आकाश श्रेष्ठले प्रेमिल जोडीको भूमिका निर्वाह गरेका छन् । भिडियोले विशेष रूपमा प्रेम सम्बन्धमा आउने उतारचढाव र सँगै बिताएका रमाइला क्षणहरूलाई प्रस्तुत गरेको छ, जसले प्रेमको गहिराइलाई दर्शाउँछ ।

चनु थापा निर्मात्री रहेको यस भिडियोलाई निर्देशक निकेश खड्काको उत्कृष्ट निर्देशनमा तयार पारिएको हो । भिडियोको सम्पादन विकास धमलाले गरेका हुन् । यो म्युजिक भिडियोले धेरैको मन जित्ने अपेक्षा गरिएको छ । निर्माण टिमले सबैलाई हेरेर सुनेर प्रतिक्रिया दिन सबैलाई आग्रह गरेका छन् ।


**SAUDI मा रोजगार** | कम्पनी : HOSSAM ABDEL MOHSEN RASHED AL HAJJI CONTRACTING EST शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०६/२२ चलानी नं.: ६०२२६५४५ LT. No.: 312022

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Builder | 3 | 0 | स. काममा दक्ष | 1200 | ४३,०५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ZUHD GENERAL CONTRACTING EST शहर: SAUDI ARABIA
पूर्व स्वीकृत मितिः २०८१/०७/३० चलानी नं.: ६०२२८०९९ LT. No.: 313704

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ४३,०५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ९ गते (24 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 863/066/067

**Money Home Overseas Pvt. Ltd.**
Tokha -10, Kathmandu, Nepal, Tel.: 4984683, 4985068, 4956752
Email: moneyhomeoverseas2009@gmail.com, info@moneyhomeoverseas.com.np | Website: www.moneyhomeoverseas.com.np


### गण्डकी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
भुम्लिचोक, गोरखा
गण्डकी प्रदेश, नेपाल

### आ.व. २०८१/८२ को लागि नदिजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उत्खनन, संकलन गरि बिक्रि गर्ने कार्यको बोलपत्र आब्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/०८/०२ गते)**

गण्डकी गाउँपालिकाको आन्तरिक आम्दानी वृद्धि गर्ने उदेश्यले "स्थानीय सरकार संचालन ऐन, २०७४" को परिच्छेद-३ को दफा ११ को उपदफा २ को खण्ड (घ) को (६) र सोही ऐनको दफा ६२ क. बमोजिम आ.व. २०८१/८२ का लागि यस गाउँपालिका क्षेत्र भित्रका देहाय बमोजिमका स्थानहरुबाट नदीजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उत्खनन तथा संकलन शुल्क गण्डकी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि २०७७ बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा तोकिए बमोजिमको परिमाणमा गण्डकी गाउँपालिकाको आर्थिक ऐन २०८१ ले तोके बमोजिमको दरबाट कायम हुन आएको न्यूनतम रकमबाट बढाबढ हुने गरि ठेक्का बन्दोबस्ती गर्न यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले बोलपत्र फारम दस्तुर जम्मा गरी २०८१/०९/०२ गते दिनको ठिक १२:०० बजे भित्र तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही हार्डकपि तथा E-Bidding मार्फत बोलपत्र पेश गर्नुहुन सुचित गरिन्छ ।

**नदिजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उत्खनन, संकलन आदि प्राकृतिक स्रोतको उपयोगमा लिइने करको ठेक्का विवरण**

| ठेक्का नं. | प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) अनुसारको घाटको विवरण | उत्खनन परिमाण (घ.मि.) | न्युनतम रकम (मु.अ.कर. बाहेक) | बोलपत्र जमानत रकम (धरौटी रकम) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| GRM/GOODS/02/2081/82 | त्रिशुली नदीका विभिन्न घाटहरु (गोर्दी घाट १, गोर्दी घाट २, घाट बेसि घाट, ज्यामिरेघाट/तिन भंगाले घाट, अम्बोटे घाट, बर्खे घाट, बादरे घाट ) | ३५,७४५.०० | १,७८,७२,५००.०० | कबोल अंकको ५.०० % ले हुन आउने रकम कृषि बिकास बैंक ०३२५८०१४९१८३५०४३ | प्रत्येक ठेक्काको रु. ३००० कृषि बिकास बैंक ०३२५८०१४९१८३५१४० |
| GRM/GOODS/03/2081/82 | बुढीगण्डकी नदीका विभिन्न घाटहरु (घौसुर खोला घाट, छोटेटार घाट, कौदी घाट, चालिसे घाट, कालिकाटार घाट ) | ४६,१९०.०० | २,३०,९५,००० | | |

(नोटः विस्तृत सूचना यस कार्यालयको website: www.gandakimun.gov.np मा समेत हेर्न सकिनेछ । )

**प्रमुख प्रशासकीय अधिकृत**

### Bodebarsain Municipality
### Office of the Municipal Executive
**Bodebarsain, Saptari**
**Madhesh Province, Nepal**

### Invitation For Electronic Bids

**First Date of Publication: 2081/08/02 (17th Nov 2024)**

1. The Bodebarsain Municipality Invites electronic bids from Nepalese eligible bidders for the Following Projects under NCB procedures.

| Name of Project | Contract ID | Bid Security Amount (NRS) | Bid Fee (Nrs.) |
|---|---|---|---|
| Construction works of Gaura dekhi Sarsar samma Sadak kalopatre (Chainage 0+360 - 1+360) | BBMS/NCB/WORKS/081/082-01 | 10,54,000.00 | 5000.00 |

2. For Details, bidders are advised to visit Website:www.bolpatra.gov.np/egp or may visit www.bodebarsainmun.gov.np.

**Chief Administrative Officer**

### धितो लिलामी गर्ने बारे ७ दिने अत्यन्त जरूरी सूचना

**(प्रकाशित मिति २०८१/०८/०२ गते)**

तपशिलमा उल्लेखित ऋणी संस्थाले चाबहिल शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्धारा ताकेता गर्दा साथै मिति २०८०/१०/१८ गते नेपाल समाचारपत्रमा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको र मिति २०८१/०५/१९ गते कारोबार दैनिकमा धितो लिलामी गर्ने बारे ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्वन्धि ३५ दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सवैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ ।

**ऋणी संस्थाको नाम : श्री साना वित्त विकास बहुउद्देश्यीय सहकारी संस्था लि । रजिष्टर्ड ठेगाना : काठमाण्डौं- ३१, हालको ठेगाना काठमाण्डौं ७ चाबहिल** **दर्ता नं:२६९८/०६६/०६७**

**संचालक तथा जमानीकर्ताको विवरण**

| | |
|---|---|
| **१) नाम :पेशल कुमार राई (अध्यक्ष जमानीकर्ता)**<br>बुवा : गंगा प्रसाद राई<br>बाजे : नौ बिर राई<br>ना प्र नं. : ३७०७/५८३६/३०११<br>ठेगाना :काठमाण्डौं -९<br>हालको ठेगाना : बत्तीसपुतली-९, पुरानो बानेश्वर, काठमाण्डौं | **८) नाम : मधु लामा भ्लोन (संचालक जमानिकर्ता)**<br>बाबु : भिम बहादुर भुलन<br>बाजे : मान बहादुर भुलन<br>ना.प्र.नं : २५/३०९<br>ठेगाना : हेटौंडा १०, मकवानपुर |
| **२) नाम : विकास विक्रम शाही (उपाध्यक्ष)**<br>बाबु : हरी बहादुर शाही<br>बाजे : कर्ण बहादुर शाही<br>ना.प्र.नं : ७१४४८<br>ठेगाना : रुपन्देही , सिद्धार्थ नगर -७<br>हालको ठेगाना : बत्तीसपुतली-९, पुरानो बानेश्वर, काठमाण्डौं | **६) नाम : राज कुमार राई (संचालक जमानिकर्ता)**<br>बाबु : प्रर्शु राम राई<br>बाजे : नौ बिर राई<br>ना.प्र.नं :३६०३<br>ठेगाना :मुक्ली-३, सोलुखुम्बु |
| **३) नाम : अरबिन्द श्रेष्ठ (सचिव जमानिकर्ता)**<br>बाबु : उपेन्द्र श्रेष्ठ<br>बाजे : मित्र लाल श्रेष्ठ<br>ना.प्र.नं : ६७७९<br>ठेगाना : काठमाण्डौं-१७<br>हालको ठेगाना : एकताबस्ती-१०, बुढानिलकण्ठ | **७ ) नाम विज्ञान कृष्ण कर्माचार्य (संचालक )**<br>बाबु : केशब कृष्ण कर्माचार्य<br>बाजे : बिर कृष्ण कर्माचार्य<br>ना.प्र.नं : १२५५२<br>ठेगाना : ललितपुर-१३<br>हालको ठेगाना : बत्तीसपुतली-९, पुरानो बानेश्वर, काठमाण्डौं |
| **४) नाम : यसोदा लामा (कोषध्यक्ष जमानिकर्ता**<br>बाबु : राम बहादुर लामा<br>बाजे : कृष्ण बहादुर लामा<br>ना.प्र.नं : २७/८४२/५२६७/६४६२<br>ठेगाना : काठमाण्डौं-६<br>हालको ठेगाना : बौद्ध-६, चुच्चेपाटी, काठमाण्डौं | |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**
१.श्री कृष्ण प्रसाद खकुरेल को बुहारी श्री यादव प्रसाद खकुरेल को श्रीमती काठमाण्डौं जिल्ला काठमाण्डौं मा.न.पा. वडा नं. १० बस्ने श्री अनुराधा खकुरेलको नाममा मालपोत कार्यालय डिल्लीबजार मा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला का.म.ा.न.पा (डिल्लीबजार) गा.वि.स. वडा नं. १० को कित्ता नं.३०८, २९५, ३११ को क्षेत्रफल ३१.७९ व.मि, ४७६.८५ व.मि , ३१.७९ व.मि जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरुः**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।

(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।

(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी बैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौं रहेको खाता नं.**००१०००१४८६६००००१**मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै चाबहिल शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।

(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले ब्यहोर्नु पर्नेछ ।

(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।

(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।

(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।

(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।

(१०) लिलाम सूचना प्रकाशित मितिले ७ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलीपल्ट वा कार्यालय खुलेको दिनमो बैंकको शाखा कार्यालय चाबहिलमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ । बोलपत्र पेश यर्न सकिने अन्तिम दिनको कार्यालय समय भित्र सम्बन्धित ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।

(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

(१२) सुरक्षणमा रहेका धितोहरुको आंशिक रुपमा पनि लिलाम गर्न सकिने छ ।

(१३) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

**National | राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web www. ncbl.coop

# अफगानिस्तानविरुद्ध नेपालको जित



**काठमाडौं/मस–** नेपालले अन्तर्राष्ट्रिय मैत्रिपूर्ण खेलमा अफगानिस्तानलाई पराजित गरेको छ । सेन्ट्रल स्टेडियम डुसान्बेमा शनिबार भएको मैत्रीपूर्ण खेलमा नेपालले अफगानिस्तानलाई २-० गोल अन्तरले हराएको हो ।

दुई मैत्रीपूर्ण खेलका लागि ताजिकिस्तानमा रहेको नेपाली फुटबल टोलीले दोस्रो खेलमा जित हासिल गरेको हो । नेपालले १३ वर्षपछि अफगानिस्तानलाई पराजित गरेको हो ।

नेपालको जितमा फरवार्ड जिलेस्पी जंग कार्की र डिफेन्डर रोहित चन्दले गोल गरे । खेलको पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो । दोस्रो हाफको शुरुवातमै जिलेस्पीले गोल गर्दै नेपाललाई अग्रता दिलाए । खेलको ७८औं मिनेटमा रोहित चन्दले गोल गर्दै नेपाललाई जित दिलाए । रोहित चन्दले राष्ट्रिय टोलीको लागि पहिलो गोल गरेका हुन् । उनले डेब्यू गरेको १५ वर्षपछि उनले नेपालका लागि गोल गरेका हुन् । नेपाल पहिलो खेलमा घरेलु टोली ताजिकिस्तानसँग ४-० ले पराजित भएको थियो ।

नेपालले पुरुष फुटबलमा एक वर्षपछि पहिलो जित हात पारेको हो । फिफा विश्वकप र एएफसी एसियन कप संयुक्त छनोटअन्तर्गत २०२३ अक्टोबरमा प्रारम्भिक चरणमा लाओसविरुद्ध अवे खेलमा जित हात पारेयता यो नेपालको पहिलो जित हो ।

# लुम्बिनी लायन्सको जर्सी सार्वजनिक

**काठमाडौं/मस–** लुम्बिनी लायन्स क्लबले नेपाल प्रिमियर लिग (एनपिएल)मा सहभागी हुने जर्सी सार्वजनिक गरेको छ । आनी छोइङ डोल्मा, क्लबका ब्राण्ड एम्बेस्डर राजेश हमाल र नेपाली राष्ट्रिय क्रिकेट टिमका कप्तान तथा क्लबका मार्की खेलाडी रोहित पौडेलले शनिबार लुम्बिनीको मायादेवी मन्दिरबाट जर्सी सार्वजनिक गरेका हुन् ।

लुम्बिनी प्रदेशको प्रतिनिधित्व हुने गरी र स्थानीय संस्कृति झल्कने गरी जर्सीको डिजाइन गरिएको छ । गाढा निलो रङको जर्सीमा सुनौलो रङको किनारा रहेको छ भने बायाँ भागमा आक्रामक अवतारको सिंहको टाउको प्रतीक रहेको छ । भगवान बुद्धको जन्मस्थानको रुपमा सुपरिचित लुम्बिनी नेपालको एक पवित्र बौद्ध तीर्थस्थल हुनुका साथै विश्व सम्पदा स्थल पनि हो । विश्वका प्रमुख पवित्र धार्मिकस्थलहरूमध्ये लुम्बिनी एक हो, जसको भ्रमण गर्न बुद्धले आफ्ना अनुयायीहरूलाई सल्लाह दिएका थिए ।

जर्सी अनावरण कार्यक्रममा प्रमुख अतिथि आनी छोइङ डोल्माले लुम्बिनी लायन्सको जर्सी औपचारिकरुपमा लोकार्पण भएकोमा खुसी व्यक्त गरिन् । उनले भनिन्, 'आज हाम्रो लुम्बिनी लायन्सको जर्सी औपचारिकरुपमा लोकार्पण भएको छ, यसमा मलाई एकदमै खुसी लागेको छ । जसरी संसारभरका सबै मानिसहरुको मन मस्तिष्कमा शान्ति फैलाउन भगवान बुद्धको भूमिका रहेको छ, त्यसैगरी लुम्बिनी लायन्सले पनि सबै जनाको मन मस्तिष्कमा विजय र गौरवको भावना महसुस गराउन सकोस् भन्ने कामना गर्दछु ।'

जर्सी सार्वजनिक कार्यक्रममा लुम्बिनी लायन्स क्लबका ब्राण्ड एम्बेस्डर राजेश हमालले क्रिकेटले नेपाली मनलाई जोड्ने पुलको रुपमा काम गरेको बताए । उनले भने, 'क्रिकेटले नेपाली मनलाई जोड्ने पुलको रुपमा काम गरेको छ । हरेक वर्ग, उमेर र आस्थाका मानिसहरुलाई क्रिकेटले एकै ठाउँमा ल्याएको छ । लगाव, समुहमा मिलेर काम गर्ने क्षमता र दृढ अठोट- यी कुराहरुले हरेक क्रिकेट खेलाडी र क्रिकेट प्रेमीहरूलाई एकताबद्ध गर्दछन् र मलाई व्यक्तिगतरूपमा पनि यी गुणहरु अति आवश्यक लाग्छन् । आज यस लुम्बिनी लायन्सको जर्सी सार्वजनिक गर्दै गर्दा मलाई यस्तो लागेको छ कि यो जर्सी क्लबको पहिचान मात्र नभएर



हाम्रा क्रिकेटरहरुको कडा परिश्रम, लगनशीलता र क्रिकेट प्रेमीहरुको अटुट साथको प्रतिविम्ब पनि हो । लुम्बिनी लायन्स क्लबमार्फत नेपाल प्रिमियर लिग एवम् समस्त नेपाली क्रिकेटसँग जोडिएर युवा क्रिकेटर हरुको प्रतिभालाई नजिकबाट नियाल्न पाउँदा म अत्यन्तै उत्साहित छु ।'


## भूल सुधार

मिति २०८१/०८/०१ गते कुवेतमा रोजगार सम्बन्धी प्रकाशित कम्पनीको नामः **Tagziya Group Company** र **L.T. No.: 301588,** चलानी नं.: **६०२१६५०२, पूर्व स्वीकृत मितिः 2024/03/14** को पुनः विज्ञापन सौर्य राष्ट्रिय दैनिकमा प्रकाशित हुनु पर्नेमा मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित भएकोले भुलसुधार गरिएको छ ।

**Abiz Global Pvt. Ltd.**
Samakhusi, Kathmandu, Tel- 014973555, 4973255, 9851350733, 9802370733, 9802360733, Email : cv.abizglobal@gmail.com, Web: www.abizglobal.com.np


## Aarughat Rural Municipality
## Office of the Rural Municipal Executive

**Aarughat, Gorkha**
**Gandaki province, Nepal**

## Invitation For Bids

**(First Date of publication: 2081/08/02 (17th NOV 2024)**

1. Aarughat Rural Municipality, Gorkha invites only electronic bids from eligible bidders for the following work.

| IFB No | Description of work | Estimated Amount (Exclusive of VAT and Contingencies) But with P.S | Bid security Amount/ validity | Bid Document fee (NRs.) |
|---|---|---|---|---|
| ARU/NCB/W/ 02/2081-82 | Thulo padhara lift water supply project ARM-08 Gorkha. | NRs. 58,18,863.40 | NRs. 1,70,000,00 /120 Day | 3000.00 |

2. Electronic bids must be submitted to the office Aarughat Rural Municipality, Aarughat Gorkha. Through PPMO website www.bolpatra.gov.np/egp on or before 18-12-2024, 12:00 hours. Bids received after this deadline will be rejected.
3. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 18-12-2024, 13:00 hours at the office of Aarughat Rural Municipality, Aarughat Gorkha.
4. Eligible Bidders may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**


## युएईमा रोजगार

कम्पनी : **KAWADER INTERNATIONAL EMPLOYMENT SERVICES** शहर :UAE
पूर्व स्वीकृत मितिः २०८०/१०/०५ चलानी नं.: ६०२१३३९७ LT. No.: 298355 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ४०३४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Helper | 100 | 0 | | 900 | ३३०१२ | | | | | | | |
| 3. | Mason | 50 | 0 | | 1100 | ४०३४८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ९ र १० गते (24 & 25 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Model Enterprises Pvt. Ltd.** श्रम इजाजत नं. ३४२/०५९/०६०
प्रगति टोल, चप्पलकारखाना, महाराजगञ्ज, काठमाडौं–४, नेपाल, फोनः ०१–४५२२८८१, ४५२२९८४
Mob: 9841405532, 9810197055, 9818622901 E-mail: modelenterprises022@gmail.com | Website: www.modelenterprisesplc.com

## KUWAIT मा रोजगार

**1. AL SOOR ADVANCED COMPANY FOR GEN. TRADING & CONTRACTING**
पूर्व स्वीकृती मितिः २०८१/०४/२७ चलानी नं. : ६०२२७७९९ LT No.: 313237

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Nepali Licence H/Driver | 1 | 0 | [illegible] | 150 | ६५,६००।- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | छ | २ वर्ष |
| २. | Nepali Light Driver | 3 | 0 | | 135 | ५९,०००।- | | | | | | | |

**2. LOW COST CENTRAL MARKET COMPANY/ABDULLAH MANAA ABDULLAH MESHKHAS AND PARTNERS**
पूर्व स्वीकृती मितिः २०८१/०७/३० चलानी नं. ६०२२८०५३ LT No.: 313706

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cashiers | 5 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६५,६००।- | कम्पनी नियम अनुसार | [illegible] | [illegible] | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Cleaner Staff | 2 | 3 | | 110 | ४८,०००।- | | | | | | | |
| ३. | Merchandiser | 4 | 0 | | 150 | ६५,५००।- | | | | | | | |
| ४. | Sales Persons | 4 | 2 | | 140 | ६१,१००।- | | | | | | | |

**अन्तरवार्ता २०८१ मंसिर ९ गते (24 Nov., 2024) यस प्रा. लि. को कार्यालय मिनभवन, काठमाडौंमा हुनेछ ।**

**GULF EMPIRE COMPANY PVT. LTD.** Lic. No.: 1599/079/80
Minbhawan, Baneshwor, Kathmandu, Tel.: 01-4115960/61, 9813287287, 9801315959, 98510095704, 9801106264, Email: gulfempirenepal@gmail.com, URL: gulf-empire.com

**आवश्यकता** यस प्रा.लि. को लागि अनुभवी Accountant- 1 (M/F), PRO - 6 (M/F), Documentation -2 (F), र Receptionist- 2 (F) हरुको आवश्यकता भएकाले ईच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला ।

## कुवेतमा रोजगार

कम्पनीः **BLAIR BEAUTY SALON CO.** शहरः **KUWAIT** पुनः विज्ञापन
पूर्व स्वीकृत मितिः २०८०/१०/१५ चलानी नं.: ६०२१३९६२ LT. No.:298938

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 1 | सम्बन्धित काममा दक्ष | 120 | ५२,५८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Hairdresser | 0 | 6 | | 150 | ६५,७३६ | | | | | | | |
| 3. | Manicure Pedicure | 0 | 6 | | 150 | ६५,७३६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ९ गते (24 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**Guideline Recruitment Service Pvt. Ltd.** Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 4389497,982-2506451
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com

## Qatar मा रोजगारको अवसर

**Saaed Car Services Center**
पूर्व स्वीकृती मितिः २०८१/७/२९ चलानी नं. ६०२२८००८ LT.No. 313615

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 1 | काममा दक्ष | 1500 | ५५,५००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Washing Worker | 6 | | 1000 | ३७,०००।- | | | | | | | |

**United Hotels Management** पूर्व स्वीकृती मितिः २०८१/७/२९ चलानी नं. ६०२२८००५ LT.No. 313613

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Hotel Services | 8 | काममा दक्ष | 1300 | ४८,०००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Supervisor | 2 | | 2500 | ९२,६००।- | | | | | | | |

**अन्तरवार्ता २०८१ मंसिर ९ गते (24 Nov., 2024) यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।**

**AAROHI HR Solutions Pvt. Ltd.** Govt. Lic. No: 1244/074/075
**आरोही एच.आर. सोलुसन्स् प्रा.लि.**
Kathmandu Metropolitan-3, Basundhara Kathmandu Nepal
www.aarohihrsolutions.com info@aarohihrsolutions.com
01-4961807, 4962925 9851067941, 9801081902

## UAE मा रोजगार

कम्पनीः **TAWASUL TRANSPORT LLC** शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०७/२३ चलानी नं.: ६०२२८१०८ L.T. No.: 312346

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Taxi Driver | 200 | 0 | स. काममा दक्ष | 1500 | ५५,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ९ र १२ गते (24 & 27 November 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता टुलिप होटल, ड्राइभरचोक, बुटवलमा २०८१ मंसिर १० गते (25 November 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता बाजेको सेकुवा, पोखरा, कास्कीमा २०८१ मंसिर ११ गते (26 November 2024) मा हुनेछ ।**

कम्पनीः **APEX PROFESSIONAL SECURITY SERVICES L.L.C.** शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०३/३० चलानी नं.: ६०२२२२१८ L.T. No.: 307523 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 4 | 0 | स. काममा दक्ष | 1700 | ६१,७४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ९ गते (24 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**Al Secure Manpower Recruitment P. Ltd.** श्रम इजाजत नं.: ८२३/०६६/०६७
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949,Tel: 01-4592900, 4590800, 4589700, 9802070410, 9856060451, 9802853454 | Email: documentation@smrnepal.com | Website: smrnepal.com


### Karnali Province Government
## Ministry of Water Resource and Energy Development
### Water Supply, Irrigation and Energy Development Directorate
# Water Supply, Irrigation and Energy Development Office

**Dunai, Dolpa**

## Invitation for Electronic Bids

**First Date of Publication: 2081-08-02 (17th November, 2024)**
**Last Date of Bid Submission: 2081-09-02 (17th December, 2024)**

a. The Water Supply, Irrigation and Energy Development office Dunai, Dolpa invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive bidding procedures specified in public procurement act and regulations. The name and identification of the contracts are as follows.

| S. N. | Contract ID No. | Descriptions of Works | Estimated Amount (With VAT and PS ) | Bid Security Amount (NRs) | Bid Validity Period (Days) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | WIEDO/DOLPA/ NCB/ WORK/2081-082-07 | Shaharatara Drinking Water Supply Maintenances and Sewage Management Project, Kaike Rural Municipality-02, Dolpa | 6,763,740.01 | 200,000.00 | 90/120 | 3,000.00 |

b. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Water Supply, Irrigation and Energy Development office Dunai, Dolpa, and Phone No. 087-550065, Email Address wsiedodolpa@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.

c. A complete set of Bidding Documents may be purchased from the Water Supply, Irrigation and Energy Development office Dunai Dolpa by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee till 2081-09-01 (16th December, 2024) during office hours.
Or

d. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

**Information to deposit the cost of Bidding Document in Bank:**
Name of the Bank : Nepal Bank Limited, Dunai, Dolpa.
Name of Office : Water Supply, Irrigation and Energy Development office Dunai Dolpa
Office Code no : 3080161016
Office Account no : 27502000001001000001 (Rajaswa Khata)
Revenue Head no : 14229

**Information to deposit the Bid-Security Amount**
Name of the Bank : Nepal Bank Limited, Dunai, Dolpa.
Name of Office : Water Supply, Irrigation and Energy Development office Dunai Dolpa
Account No : 08702000002003000001 (Dharauti khata)

e. Pre-bid meeting shall be held at 2:00 PM on 2081-08-21 (6th December, 2024) at Water Supply, Irrigation and Energy Development office, Dunai, Dolpa

f. Electronic bids must be submitted to the Water Supply, Irrigation and Energy Development office Dunai Dolpa through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 PM on 2081-09-02 (17th December, 2024). Bids received after this deadline will be rejected.

g. Bids shall be opened in presence of bidder's representatives who choose to attend on 2:00 PM on 2081-09-02 (17th December, 2024) at the office of Water Supply, Irrigation and Energy Development office Dunai Dolpa. Bids must be valid for a period of 90 days counting.

h. From the day of bid opening and must be accompanied by bid security (as mentioned above) which shall be valid for minimum 30 days beyond the bid validity period. Its Means 120 Days from above mentioned date of Opening.

i. If the last date of submission and opening falls on a government holiday, then the next working day shall be considered the last date. In such a case, the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.

j. The Employer reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning reason, whatsoever.

k. The Condition, Process and Procedures not mentioned above will be as per GoN public procurement act-2063 and public procurement Regulation-2064.

**Office Chief**

गो.हु.का.द.नं. ३३/०६९/०७०





# वायुसेवा निगम अक्षम हुँदा महँगो टिकट किन्नुपर्ने बाध्यता

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अबको पाँच महिनाका लागि दैनिक १० घण्टा बन्द भएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणले विमानस्थलको स्तरोन्नतिका लागि रातिको समयमा उडान बन्द गरेको हो । उडान बन्द भएसँगै उडान कटौती हुँदा हवाइ टिकटमा चर्को मुल्यवृद्धि भएको छ भने टिकट नै पाउने समस्या छ । काठमाडौंको विमानस्थल बन्द हुँदा भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा व्यावसायिक उडान भइरहेको छ । भैरहवामा कतार एयरवेज, नेपाल एयरलाइन्स, फ्लाई दुबई, थाई एयर एशिया र जजिराले उडान गरेका छन् तर, पोखराको विमानस्थलमा भने अझै उडान अन्योलमा छ । प्रस्तुत छ, सोही सन्दर्भमा नेपाल एशोसिएशन अफ टूर एन्ड ट्राभल एजेन्ट्सका (नाट्टा) अध्यक्ष **कुमारमणि थपलिया**सँग विमानस्थलको स्तरोन्नति र भैरहवामा विमानको कम्पनी डाइभर्टले देखाएको आशा र अहिले देखिएको चुनौतीको विषयमा मध्यान्हका **छबि सापकोटा**ले गरेको कुराकानी ।

**कुमारमणि थपलिया**
अध्यक्ष, नेपाल एशोसिएशन अफ टूर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा)

**काठमाडौंको एयरपोर्ट स्तरोन्नति भइरहँदा अधिकांश विमान कम्पनीको उडान घटेको छ । तर, भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा चर्चित कम्पनीले व्यावसायिक उडान शुरु गर्नुलाई टूर एन्ड ट्राभल्स क्षेत्रले कसरी हेरेको छ ?**

यसलाई लामो समय र छोटो समयको असरलाइ गरेर हेर्न सकिन्छ । छोटो समयको असरलाई हेर्दा पर्यटनको सिजनमा उडानहरू कटौती हुँदा टिकटको मूल्य बढेको छ । टिकटको मूल्यमा भारीवृद्धि हुँदा नेपाल आउन चाहने पर्यटक अन्य मुलुक गएका छन् । नेपालको बुकिङ क्यान्सिल गरिरहेका छन् । यस्तै विदेशमा काम गर्न जाने र आउने नेपाली श्रमिकहरूलाई उडान टिकट महँगो परेको छ । विमानस्थल बन्द हुँदा उडान व्यवस्थापन मिलिरहेको छैन । एयरपोर्ट १० घण्टा बन्द हुँदा आउने पर्यटक रोकिएका छन् भने आएकाहरुलाई समेत फर्काउनका लागि महँगो भएको छ । एयरपोर्ट बन्दपछि बुकिङहरू आएको छैन । यसले पर्यटनमा नै असर गरेको छ अहिले । तर, एयरपोर्ट स्तरोन्नतिपछि २५ प्रतिशत उडान बढ्ने भनिएको छ, त्यसले केही आशावादी बनाएको छ । यस्तै भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा जसरी विदेशी विमान कम्पनीले उडान भरेका छन् । त्यसले अब हाम्रा अन्तर्राष्ट्रिय विमानस्थल निरन्तर चल्ने र पर्यटन क्षेत्रले गति लिने अपेक्षा गरिएको छ ।

**५ महिना प्रत्येक दिन १० घण्टा विमानस्थल बन्द हुँदा टूर एन्ड ट्राभल व्यवसायमा कस्तो असर पर्नेछ ?**

पक्कैपनि त्यसको असर टूर एन्ड ट्राभल व्यवसायमा देखिन्छ । यो समयलाई घटाउन सकिन्छ की भनेर छलफल समेत भएको हो तर, प्रविधिक कारणले छिटो नसक्ने प्राधिकरणको भनाइ थियो । तर, यो समय भन्दा ढिलो हुनु हुँदैन । यस्तै नयाँ प्रविधि प्रयोग गरेर १० घण्टाको समयलाई ५ घण्टामा छोट्याउन सकेको भए धेरै राहत हुने थियो । अर्को कुरा फ्लाइट कम हुँदा भाडा बढाउने प्रवृत्तिलाई सरकारले रोक्नुपर्छ । अब भैरहवाको एयरपोर्ट निरन्तर चलाउनेगरी सरकारले काम गर्नुपर्छ । अहिले भैरहवा ल्याण्ड हुने अनि काठमाडौं आएर उड्ने भएको छ । यसलाई भैरहवाबाट उड्ने बनाउनुपर्छ । नेपालीहरू भारतको दिल्ली गएर उडान भर्न थाले भने भैरहवा जान सकिन्छ नी ।

**अहिले उडान कम हुँदा टिकट पाउन कति सहज छ ?**

छैन । पहिलो काठमाडौंबाट दिल्ली, कतार, लगायत खाडी मुलुकको टिकटको माग छ तर, टिकट पाउन मुस्किल छ । सस्तो टिकट छैन महँगो टिकट किन्नुपर्ने बाध्यता छ । एयर कम्पनीहरूले पनि कमाउने समय यही हो भनेर लागेको देखिन्छ । समस्याको बेलामा सरकार र ग्राहकलाई राहत दिने भन्दा कमाउने नै बढी देखिन्छ । सरकारले समेत अनुगमन र निर्देशन दिने हो भने सहज हुने थियो । यहाँ डिमाण्ड र सप्लाइको कुरा गरेर चर्को फेयर लिइरहेका छन् ।

अर्को श्रमका लागि जाने मानिसहरूले समेत जति भनेपनि तिरेर जाँदा मूल्य बढिरहेको छ । कतिको भिषा सकिने बेला भएकोले जानैपर्ने अवस्था समेत छ । त्यसलै जति भनेपनि जाने गरेको पाइन्छ । अहिले विदेशीहरू भने नेपालमा टिकट महँगो हुँदा बित्तिकै अर्को देश गएका छन नेपाल आइरहेका छैनन् । नेपालको वायुसेवा निगम कमजोर हुँदा अहिले धेरै समस्या आएको हो । जुन देशको आफ्नो बिमान कम्पनी सक्षम हुदैन त्यस देशको फेयर उच्च नै हुन्छ । भारतबाट इण्डिया एयरमार्फत् २५ हजार नेपालीमा दोहा जान सकिन्छ भने नेपालबाट दोहाको ८० हजार छ । तीन गुणा महँगो मूल्य तिर्न नेपाली बाध्य छन् । हाम्रोमा उपभोक्ताको अधिकारबारे सरकारले समेत हेर्न सकेको छैन ।

**नेपालको वायुसेवा बलियो नहुँदा हामी अप्ठ्यारोमा परेको हो ?**

नेपालको सबैभन्दा ठूलो समस्या भएकै यही हो । आफ्नो विमान नहुँदा भैरहवा र पोखरामा उडान भएको छैन । फेयरहरू उच्च हुँदापनि आफ्नो विमान नभएर हो । नेपालको आफ्नै विमान भएको भए ५ वटा उडान थप्न मिल्थो । अन्य एयरपनि घटाउन बाध्य हुन्थे । हाम्रोमा भएकाहरू समेत नियमित छैनन् । हाम्रोमा बिग्रिएर बनाउनु पर्दा हल्ला हुन्छ अनि अरूले फेयर बढाइदिइहान्छन् । कम जहाज भएकाले ममर्तमा जाँदा बित्तिकै हल्ला हुन्छ । त्यसैले सरकारले दीर्घकालीन पर्यटन, हवाइ क्षेत्रमा विकास गर्ने हो भने हवाइ क्षेत्रमा लगानी गर्नु नै पर्ने हुन्छ ।

विदेशका एयर कम्पनीले नेपालबाट कमाएर लगिरहेका छन् भने नेपाली विमान कम्पनीले नकमाउने भन्ने हुँदैन । विदेशीपनि आइरहेको छ नेपालीहरू समेत विदेश आउने जाने भइरहको छ । माग धेरै छ भनेपछि विमानले न कमाउने भन्ने कहाँ हुन्छ । अप्रेसन र व्यवस्थापनको पार्ट मिलाउन नसकेर अहिले हाम्रो विमान कम्पनीमा समस्या आएको हो । काठमाडौं एयरपोर्टबाट विदेशी विमानले सबैभन्दा धेरै कमाएको तथ्यांक छ । अरूको भरमा नेपालमा कसरी पर्यटक भित्र्याउन सकिएला ? पर्यटक आएभने मात्र होटल, रेष्टुरेन्ट, ट्राभल, टुरगाइडले काम पाउने हो । जब सजिलै नेपाल आउन जान सहज हुन्छ, बल्ल घुम्न आउनेको संख्या बढ्ने हो ।

**नेपालमा तीनवटा अन्तर्राष्ट्रिय विमानस्थल बनेका छन् । काठमाडौंको स्तरोन्नती हुँदैछ । भैरहवामा उडान शुरु भएको छ । अब नेपालको ट्राभल्स क्षेत्रको व्यवसाय आगामी दिनमा कस्तो हुने अपेक्षा गर्न सकिन्छ ?**

नेपाल पर्यटकको लागि नै बनेको देश हो । विश्वबजारमा नेपालको छबि अझै बिग्रिएको छैन । तर, हामी पछि परेका छौं । हाम्रो भन्दा केही नभएका देशहरूले पर्यटन क्षेत्रमा प्रगती गरिरहेका छन् । हामी धेरै पछि परेका छौं । हामी वर्षमा १० लाख पर्यटक ल्याउने मानक बनाएर बसेका छौं । १०/११ लाख पर्यटक आए भने पर्यटक भरिभराउ, रेकर्ड ब्रेक भनेर भन्न थालिन्छ । तर, यो होइन हाम्रोमा ३०/४० लाख सामान्य रूपमा पर्यटक आउनु पर्ने देश हो ।

तर, हाम्रो सडक पूर्वाधार बिजोग छ । ६ वर्षसम्म पोखरा जाने सडक बन्दैन । लुम्बिनी जाने सडकको हालत उस्तै छ । यस्तो सडक यात्रा गर्दा पर्यटक बिरामी नै हुने अवस्था हुन्छ । स्थिति बिजोग छ । अमेरिकाबाट दिल्ली आउँदा १ हजार डलर लाग्छ भने काठमाडौं आउँदा २५ सय डलर लाग्छ भनेपनि कसरी हामी माथि पुग्छौं । यस्तो स्थिति हुँदाहुँदैपनि नेपाललाई माया गरेर मानिसहरू आइरहेका छन् । यसले के देखाउँछ भने नेपालमा सम्भावना छ । तर, नेतृत्व गर्नेले बेलैमा सोच्नुपर्छ । अब पर्यटनको क्षेत्रमा सरकारले लगानी नगर्ने हो भने पर्यटक विस्तारै नेपाल आउने छैनन् । हाम्रोमा भाषण गर्ने, काम नगर्ने कारण समस्या भएको हो ।

# करदातामैत्री वातावरण बनाउन अर्थमन्त्रीको निर्देशन

काठमाडौं/मस - उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले जनताबाट संकलन गरिने कर र त्यसको सही सदुपयोगबाट मात्रै राष्ट्रको समृद्धिको आधार तय हुने बताए । राष्ट्रिय कर दिवसका अवसरमा आन्तरिक राजस्व विभागले आयोजना गरेको कार्यक्रममा अर्थमन्त्री पौडेलले राज्यलाई कर तिर्नु नागरिकका लागि गौरवको साथै कर्तव्यको विषय भएको उल्लेख गर्दै वास्तविक कर संकलनका लागि कर प्रशासनलाई निर्देशन दिए ।

कर प्रणालीलाई आधुनिकीकरण गर्न, करदाताको कर सहभागिता लागत घटाउन, प्रविधिमैत्री जनशक्ति विकास गर्न जरूरी रहेको अर्थमन्त्रीको भनाइ छ । अर्थमन्त्रीले करको दायरा विस्तार गर्न, करदातामैत्री




वातावरण सिर्जना गर्ने करदाता सेवाको गुणस्तरमा वृद्धि गर्न, स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्न, कर छली र चुहावट रोक्ने लगायतका कार्यमा थप सक्रियता लिन आवश्यक रहेको बताए । उनले कार्य प्रक्रिया सरलीकरण गर्न, जोखिममा आधारित कर परीक्षण तथा अनुसन्धान एवं व्यवसायिक संगठन तथा कार्य विशिष्टिकरणको लागि थप सुधारका पहल कदमी लिन निर्देशन दिए ।

यसैगरी सूचना प्रविधिको प्रयोगमा विस्तार एवं सोको गुणस्तरीयता र दिगोपना कायम गर्दै समय र लागत न्यून गरी सेवा प्रवाहमा प्रभावकारिताका लागि थप क्रियाशीलता लिन निर्देशन दिए । संघीयताले आर्थिक केन्द्रहरू विस्तार, खर्चका युनिटहरू एवं आर्थिक गतिविधिहरु विस्तारित हुँदा अर्थतन्त्रको आकार बढ्दै गएपनि सो अनुपातमा जसरी राजस्व संकलन बढ्नुपर्ने हो सो अनुरुप बढ्न सकेको आफूले नपाएको बताउँदै अर्थमन्त्री पौडेलले जिम्मेवार र जवाफदेही हिसाबले राजस्व संकलनमा केन्द्रित हुन निर्देशन दिए ।

# आर्जन सहकारीको नेतृत्व सर्वसम्मत चयन
## संस्थाको सम्पूर्ण सूचक सकारात्मक

काठमाडौं/मस - आर्जन बचत तथा ऋण सहकारी संस्था लिमिटेड, ललितपुरको नेतृत्व सर्वसम्मत चयन भएको छ । संस्थाको १५औं साधारणसभाले प्रविण सुवेदीको नेतृत्व नयाँ सञ्चालक समिति चयन निर्वाचित गरेको हो ।

सञ्चालक समितिका सदस्य नरेश प्रधान बाहेक सबै पुरानै पदाधिकारी तथा सदस्य निर्वाचित भएका छन् । कार्यसमितिको अध्यक्षमा प्रविण सुवेदी, उपाध्यक्षमा समिर महर्जन, कोशाध्यमा रञ्जितकुमार पोद्दार र सचिवमा सुरज केसी पुनः सर्वसम्मत प्रक्रियाबाट निर्वाचित भएका छन् । त्यस्तै सदस्यहरूमा पुष्पकुमार थापा शसिन श्रेष्ठ र रकेश श्रेष्ठ निर्वाचित भएका छन् ।

शनिबार सम्पन्न साधारणसभाले संस्थाका अध्यक्ष प्रविण सुवेदीले प्रस्तुत गरेको संस्थाको आर्थिक वर्ष ०८०/८१ को अर्थात् १५औं वार्षिक प्रतिवेदन र कोषाध्यक्ष रणजितकुमार पोद्दारले प्रस्तुत गरेको चालु आर्थिक वर्षको बजेट पारित गरेको छ । पारित प्रतिवेदनअनुसार संस्थाले अघिल्लो आर्थिक वर्षको तुलनामा चुक्ता पुँजी वृद्धि गरेको छ ।

आर्थिक वर्ष ०७९/८० संस्थाको चुक्ता शेयर पुँजी ३ करोड ३९ लाख ६७ हजार ९ सय रहेकोमा गत आर्थिक वर्षमा ७.४३ प्रतिशतले वृद्धि भई ३ करोड ६४ लाख ९२ हजार ३ सय पुगेको छ । प्रतिवेदनअनुसार गत आवसम्ममा संस्थाले जगेडा कोषमा १ करोड ३२ लाख ८८ हजार ३२७ रुपैयाँ, सहकारी प्रवर्द्धन कोषमा १ लाख ७३ हजार ८४२




रुपैयाँ र सहकारी विकास कोषमा १५ लाख ४९ हजार ९७४ रुपैयाँ जम्मा गरेको छ ।

त्यस्तै, घाटा पूर्ति कोष, सामुदायिक विकास कोष, स्थिरीकरण कोष र जोखिम व्यवस्थापन कोषमा १५ लाख ४९ हजार ९७४ रुपैयाँका दरले जम्मा गरेको छ । प्रतिवेदन अनुसार संस्थाले गत आवमा ३३ करोड ७० लाख २८ हजार २३१ रुपैयाँ बराबरको कारोबार गरेको छ । जसमा निक्षेप २५ करोड ५९ लाख ४६ हजार ५७४ रुपैयाँ र कर्जा लगानी २७ करोड ७३ लाख २ हजार ७६ रुपैयाँ पुगेको छ । संस्थाको कर्जा लगानी शत प्रतिशत नै नवीकरणको अवस्थामा रहेको र खराब कर्जामा सूचीकृत गर्नुपर्ने अवस्थामा नरहेको संस्थाका अध्यक्ष प्रविण सुवेदीले बताए ।

उनका अनुसार अघिल्लो आर्थिक वर्षको तुलनामा संस्थामा शेयर सदस्यहरु ९ प्रतिशतले वृद्धि भएका छन् भने संस्थाको आम्दानी १४.१८ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै संस्थाले शेयर सदस्यहरुलाई ७ प्रतिशत लाभांश दिने निर्णय पारित समेत गरेको छ ।

शनिबार सम्पन्न साधारणसभामा बोल्दै प्रमुख अतिथि तथा ललितपुर नगरपालिका सहकारी शाखाका अधिकृत चिरञ्जिवी पौडेलले आर्जन सहकारीको अवस्था राम्रो देखिएको बताए । तर, आगामी दिनमा पनि संस्थाको अवस्था स्वस्थ बनाइरहनको लागि ऋण लगानी गर्दा विशेष ध्यान दिनुपर्ने बताए ।

'जुन संस्थाले समयमा नै साधारणसभा गर्न सकेका छन्, ती संस्थाहरुमा समस्या छैन भन्ने देखिन्छ, यो संस्थामा पनि समस्या छैन भन्ने देखिन्छ, आगामी दिनमा पनि यो संस्थाले थप प्रगति गर्न सक्ने देखिन्छ', उनले भने । 'यहाँहरुले अझैपनि ऋण लगानी गर्दा होसियार हुनुपर्छ, ऋण लगानी गर्दा धितो अनिवार्य गर्न आवश्यक हुन्छ', पौडेलले थपे ।

साधारणसभाको अवसरमा संस्थाले आफ्ना शेयर सदस्यहरुका एसईई उत्तिर्ण भएका १५ जना छोराछोरी ३/३ हजार नगद सहित सम्मानपत्रले सम्मान गरेको छ । साथै संस्थाले सोही अवसरमा नै असल ऋणी तर्फ शुरेश महर्जन र असल निक्षेपकर्ता मध्येबाट सरला घिमिरेलाई सम्मान गरेको छ । संस्थाको साधारणसभा कार्यक्रम अध्यक्ष प्रविण सुवेदीको अध्यक्षता र केशब भट्टराईको सञ्चालनमा सञ्चालन भएको थियो ।

झण्डै एक हजार सदस्यहरुको उपस्थिति रहेको सभामा सहभागीहरुलाई संस्थाका सचिव सुरज केसीले स्वागत गरेका थिए ।

# क्रसर तथा खानी उद्योग व्यवसायी महासंघको अध्यक्षमा न्यौपाने

**काठमाडौं/मस–** नेपाल क्रसर तथा खानी उद्योग व्यवसायी महासंघको दशौं र एघारौं बार्षिक साधारण सभा तथा तेस्रो अधिवेसनबाट पुनः सीताराम न्यौपाने निर्विरोध निर्वाचित भएका छन् । न्यौपानेको अध्यक्षतामा २१ सदस्य नयाँ कार्यसमिति सर्वसमम्त रूपमा निवार्चित भएका हुन् । बर्दिवासमा सम्पन्न अधिवेशनले वरिष्ठ उपाध्यक्षमा चन्द्रमणी अधिकारी, उपाध्यक्षमा कोशी प्रदेशबाट रोहित बहादुर कार्की, मधेश प्रदेशबाट रामनारायण यादव, बागमती प्रदेशबाट देवराज लुइटेल, गण्डकी प्रदेशबाट लिलाधर बराल, लुम्बिनी प्रदेशबाट मिन बहादुर शाही निर्वाचित भएका छन् ।

त्यस्तै महासचिवमा देवराज तामाङ चयन भए भने सचिवमा



उम्मेदवारी नपरेकाले पद रिक्त रहेको अध्यक्ष न्यौपानेले जानकारी दिए । साथै सहसचिवमा बुद्धिप्रसाद आचार्य, कोषाध्यक्षमा वेचन ठाकुर वरही र सहकोषाध्यक्षमा विनोद राज श्रेष्ठ निर्विरोध निर्वाचित भए । सदस्यमा हुमनाथ पौडेल, कुमार गिरी, तिलप्रसाद पाठक, अनोदकुमार देवकोटा, विकास नारायण श्रेष्ठ, राजकुमार रावल, राजु रेग्मी, शशिकुमार यादव, सन्तोष यादव निर्वाचित भएका छन् । महासंघको अध्यक्षमा पुन निर्वाचित भएसँगै न्यौपानले क्रसर व्यवसायका अधिकांश समस्याहरू अघिल्ला तीन वर्षाहरूमा सरकारवाला निकायलाई अवगत गराएको र यो कार्यकालमा अहिले देखिएका समस्याहरू समाधान गर्ने बताए ।

# सबैभन्दा बढी कर तिर्ने नबिल बैंक सम्मानित

**काठमाडौं/मस–** नबिल बैंक सबैभन्दा बढी कर तिर्ने बैंकका रूपमा सम्मानित भएको छ । सरकारले राष्ट्रिय कर दिवसको अवसरमा क्षेत्रगत रूपमा धेरै कर बुझाउने करदाताहरूलाई सम्मान गर्दै आएकोमा नबिल बैंकले बैंक, वित्तीय संस्था र बिमा कारोबार क्षेत्रकातर्फ अहिलेसम्म आठ पटक यो सम्मान प्राप्तगर्न सफल भएको छ । सरकारले आर्थिक वर्ष २०७९/८० मा सबैभन्दा बढी कर तिर्ने बैंकको रूपमा नबिल बैंकलाई प्रमाणपत्र सहित सम्मान गरिएको हो ।

आन्तरिक राजस्व विभागमा भएको विशेष कार्यक्रमकाबिच अर्थमन्त्री विष्णु प्रसाद पौडेलले नबिल



बैंकलाई पुरस्कृत गरेका हुन् । उक्त कार्यक्रममा नबिल बैंकको तर्फबाट वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत सुजितकुमार शाक्यले नेपाल सरकारले हरेक वर्ष वित्तीय संस्थाहरू विभिन्न विधाबाट सबै भन्दा बढी कर तिर्ने संस्था तथा व्यक्तिहरूलाई सम्मानित गर्दै आएको छ ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**